६३ औं बैठक

आज मिति २०७८/०३/०५ गतेका दिन दिउँसो १:०० बजे धनगढी उप महानगरपालिकाका नगर प्रमुख श्री नृप बहादुर वडको अध्यक्षतामा कार्यपालिकाको बैठक देहायको उपस्थितिमा बसी देहाय बमोजिमका निर्णयहरु गरियो।

| क.स. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १। | श्री नृप बहादुर वड | नगर प्रमुख | |
| २। | श्री सुशीला मिश्र भट्ट | नगर उप प्रमुख | |
| ३। | श्री सन्तोष मुडभरी | कार्यपालिका सदस्य | |
| ४। | श्री नर बहादुर बम | कार्यपालिका सदस्य | |
| ५। | श्री बल बहादुर ऐर | कार्यपालिका सदस्य | |
| ६। | श्री दिपक कुमार थापाक्षेत्री | कार्यपालिका सदस्य | |
| ७। | श्री हिरा सिंह पातली | कार्यपालिका सदस्य | |
| ८। | श्री भागीराम चौधरी | कार्यपालिका सदस्य | |
| ९। | श्री सिताराम राना | कार्यपालिका सदस्य | |
| १०। | श्री नारायण प्रसाद बगल | कार्यपालिका सदस्य | |
| ११। | श्री प्रेम भण्डारी | कार्यपालिका सदस्य | |
| १२। | श्री गजेन्द्र राना | कार्यपालिका सदस्य | |
| १३। | श्री गंगा राम राना | कार्यपालिका सदस्य | |
| १४। | श्री गणेश प्रसाद जोशी | कार्यपालिका सदस्य | |
| १५। | श्री विजय राज जोशी | कार्यपालिका सदस्य | |
| १६। | श्री राम बंजारी चौधरी | कार्यपालिका सदस्य | |

Scanned with CamScanner

| | | | |
|---|---|---|---|
| १७। | श्री फूल राम चौधरी | कार्यपालिका सदस्य | |
| १८। | श्री लक्ष्मी नारायण चौधरी | कार्यपालिका सदस्य | |
| १९। | श्री माधव मगर | कार्यपालिका सदस्य | |
| २०। | श्री पुनी अधिकारी | कार्यपालिका सदस्य | |
| २१। | श्री तिलु राम चौधरी | कार्यपालिका सदस्य | |
| २२। | श्री सिता मगर | कार्यपालिका सदस्य | |
| २३। | श्री वसन्त कुमार ठाकुर | कार्यपालिका सदस्य | |
| २४। | श्री कल्याणी सिंह | कार्यपालिका सदस्य | |
| २५। | श्री गीता पन्त | कार्यपालिका सदस्य | |
| २६। | श्री यशोदा भण्डारी | कार्यपालिका सदस्य | |
| २७। | श्री प्रेम बहादुर वि.क. | कार्यपालिका सदस्य | |
| २८। | श्री रिन्की देवी चौधरी | कार्यपालिका सदस्य | |
| २९। | श्री प्रेम सिंह विश्वकर्मा | कार्यपालिका सदस्य | |
| ३०। | श्री हरि बहादुर चन्द | प्रमुख प्रशासकीय अधिकृत | |
| ३१। | श्री [illegible] प्र. पाण्डे | [illegible] नं. ३ | |
| ३२। | श्री शिव राज भट्ट | आमन्त्रित | |
| ३३। | श्री दिल्ली राज ओझा | आमन्त्रित | |
| ३४। | श्री नारायण प्रसाद शर्मा | आमन्त्रित | |

Scanned with CamScanner

**निर्णय नं. १ :-** आगामी सातौं नगरसभा २०७८/०३/०८ गते विहान १०:०० बजे ओम प्यालेसमा सन्चालन हुने भनि कार्यालयले नगरसभा सदस्यज्यूहरुलाई मिति २०७८/०२/२७ गते नगरसभामा उपस्थित हुने भनि गरेको पत्राचारलाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २:-** आगामी सातौं नगरसभामा तपसिल अनुसारको निती तथा कार्यक्रम बजेट प्रस्तुत गर्न यस नगरका नगर उप प्रमुखज्यूलाई तोक्ने र तपसिल बमोजिम गर्ने गराउने निर्णय गरियो ।

धनगढी उपमहानगरपालिकाको सातौं नगरसभामा प्रस्तुत हुने आ.व. ०७६/०७७ को यथार्थ आय व्ययको विवरण, चालू आ.व. ०७७/०७८ को संसोधित आय र व्ययको विवरण, आगामी आ.व. ०७८/७९ को वार्षिक निति, कार्यक्रम तथा बजेट

नगर सभामा पेश हुने मिति २०७८/०३/०८

आदरणीय नगरसभाका अध्यक्षज्यु,
नगरसभाका सम्पूर्ण सदस्यज्यूहरु, प्रमुख प्रशासकीय अधिकृत लगायत कर्मचारी मित्रहरु,
नगरवासी आमा, बुवा, दिदीबहिनी, दाजुभाई, पत्रकार मित्रहरु र उपस्थित सम्पूर्ण महानुभावहरु,

१. संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना पश्चात प्राप्त उपलब्धीका रुपमा स्थानीय सरकार गठन भई यस धनगढी उप-महानगरपालिकाको पाचौंवर्षको सातौनगर सभा र आ.व. २०७८/७९ को वार्षिक नीति, कार्यक्रम तथा बजेट प्रस्तुतिको लागि यहाँहरुको सामु उपस्थित भएका छौं ।

२. सर्व प्रथम,म यस नगरसभाको महत्वपूर्ण घडीमा ईतिहासका विभिन्न कालखण्डमा भएका प्रजातान्त्रिक, लोकतान्त्रिक आन्दोलनहरुमा आफ्नो प्राण आहुति गर्नुहुने सम्पूर्ण ज्ञातअज्ञात शहीदहरुप्रति हार्दिक श्रद्धा-सुमन अर्पण गर्नुका साथै शहिद परिवारजनमा उच्च सम्मान प्रकट गर्दछु ।मुलुकको सार्वभौमिकता, स्वाधीनता र स्वाभिमानको रक्षा गर्दै राष्ट्रिय एकता, लोकतन्त्र, सामाजिक न्याय, समानता, विकास,समृद्धि र समता मूलक राष्ट्र निर्माणको लागि संघर्ष गर्नु हुने सम्पूर्ण नेपाली नागरिक र नेतृत्व गर्नुहुने आदरणीय अग्रज व्यक्तित्वहरु प्रति हार्दिक आभार तथा सम्मान प्रकट गर्दछु।

३. विश्वभरि माहामारीको रुपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) वाट सृजित परिस्थितिका कारणले मुलुकको अर्थतन्त्र र समग्र शासन प्रकियामा नै जटिल अवस्था सृजना गरेको छ । यस्तो विशिष्ट जटिल अवस्थाका कारण स्थानीय सरकारको पनि विकास प्रयास अवरुद्ध भई आर्थिक तथा मानविय संकट उत्पन्न हुन पुगेको छ । कोभिड-१९ रोकथाम र न्यूनीकरणका लागि धनगढी उप-महानगरपालिकाले अधिकतम प्रयासका वावजुद पनि कोभिड-१९ का कारण दिवंगत हुनुहुने नगरबासी र सम्पूर्ण नेपालीजनप्रति हार्दिक श्रदाञ्जली अर्पण गर्न गर्दछु । साथै, उपचारत सम्पूर्ण नेपालीहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु । यस विषम परिस्थितिमा आम नागरिकको स्वास्थ्य उपचारमा खटिने क्रममा स्वयम् आफै संक्रमित भई ज्यान गुमाउनु भएका यस नगरका महिला स्वयंसेविका श्री पुर्णा अधिकारी र श्री लिला चटौतप्रति भावपुर्ण श्रदाञ्जली ब्यक्त गर्दछु । कोरोना रोकथाम विरुद्धको अभियानमा दिनरात अहोरात्र खटनु हुने जनप्रतिनिधि, स्वास्थ्यकर्मी, कर्मचारी, महिलास्वास्थ स्वयंसेविका, सुरक्षाकर्मी, संचारकर्मी, नागरिक समाज लगायत विभिन्न तवरबाट समन्वय, सल्लाह र सहयोग गर्ने सहयोगी संस्था, ब्यक्तिहरुलाई कृतज्ञता सहित उच्चसम्मान प्रकट गर्न चाहन्छौं ।

४. लामो संघर्ष पछि नेपाली जनताको चाहना अनुरुप नेपालमा लोकतान्त्र, समानुपातिक समावेशी कार्य प्रणाली, सामाजिक न्याय, समतामूलक समाज जस्ता संवैधानिक प्रावधानका फलस्वरुप स्थानीयतहकोनिर्वाचन (२०७४) पश्चात हामी जन प्रतिनिधीहरु यस उप-महानगरपालिकामा निर्वाचित भई नगरवासीका भावना, प्रयास रआवश्यकताहरुको उच्च सम्मान गर्दै यस नगरलाई सुन्दर, स्वच्छ र समृद्ध उप-महानगर बनाउनेअभियानका साथ **"सुख, शान्ति र सम्वृद्धिको शहर: धनगढी नगर"**दीर्घकालिन उद्देश्य राखी आर्थिक-राजनीतिक-सामाजिक विकासको मौलिक ढाँचामा अगाडि बढ्न मन, वचन र कर्मले सदैव प्रतिवद्ध र कटिवद्धछौं।

५. एकातिर, विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड-१९ का कारण विश्वले एकैपटक गम्भीर मानवीय र आर्थिक संकट सामना गर्नुपरेको छ भने अर्कोतिर यसै महामारीका कारण उत्पन्न असहज परिस्थितिले मानव समुदायका आवश्यकता र प्राथमिकताहरुलाई नै बदलिदिएको अवस्थाछ । यसै सन्दर्भमा यस उप-महानगरपालिकालाई कोभिड-१९ पूर्ण खोपयुक्त नगरपालिका बनाउने, स्वास्थ्य, शिक्षा, खानेपानी, कृषि, उत्पादन र रोजगारी प्रवर्द्धन जस्ता क्षेत्रलाई पहिलो प्राथमिकता (P1) मा राख्दै असहज परिस्थितिको

Scanned with CamScanner

निरन्तरता रहिरहेको विद्यमान अवस्थामाविगत वर्षको जस्तो सामान्य प्रक्रिया र नियमित प्राथमिकता भन्दा अझ माथि उठेर नयाँ आवश्यकताको आधारमा आफ्नो नीति, कार्यक्रम र बजेट तर्जुमा गर्नु पर्ने युगिन चुनौती हाम्रा सामु देखिएको छ । यसैगरी, कोभिड-१९को प्रतिकूलताका बीच एकातर्फ हाम्रा सामु आम नगरबासीको जनजीवनको सुरक्षा गर्नुपर्ने पहिलो दायित्व र अभिभारा छ भने , अर्कातिर आगामी दिनमा हाम्रा प्रयासहरु के-कस्ता प्राथमिकता तर्फ लक्षित हुनेछभन्ने स्पष्ट दिशानिर्देश गर्नुपर्नेछ ।कोभिड-१९ बिरुद्धको लडाईमा धनगढी उप-महानगरपालिकाले शुरुवाती चरणदेखि नै अत्यन्त महत्वपूर्ण भूमिका निर्वाह गरेको तथ्य सबैले अनुभूत गरेकै विषय हो । यसबाट स्थानीय सरकारको औचित्य थप स्पष्ट रुपमा स्थापित हुन पुगेको छ ।

६. सुदूरपश्चिमकै राजधानीका रुपमा रहेकोधनगढी नगरको विकासमा प्रत्यक्ष, परोक्ष र अप्रत्यक्ष सहयोग, सद्भाव र समर्थन गर्नुहुने सम्पूर्ण महानुभावहरुलाई हार्दिक आभार प्रकट गर्दछु ।मैले स्थानीय सरकारको यो पाँचौं बर्षको बजेट प्रस्तुत गरिरहँदा कोरोनाबाट नागरिकको जीवन रक्षा गर्न र स्थानीय सरकारप्रति जनताको भरोसा अभिवृद्धि गर्ने गहन जिम्मेवारी बोध गरेको छु । आगामी आर्थिक बर्षको बजेट नयाँ परिस्थितिले सिर्जना गरेको प्रतिकूलतालाई सामना गर्दै जनताको नगरप्रतिको आशा, भरोसाएवम् विश्वासलाई जोड्ने महत्वपूर्ण औजारका रुपमा रहनुपर्छ भन्नेकुरामा म विशेष सचेत एवं सतर्क छु ।

**नगर सभाका अध्यक्ष महोदय,**
**नगर सभाका सम्पूर्ण सदस्यज्यू,**

७. अब म नगर सभासमक्ष माथि उल्लेखित नीति तथा कार्यक्रम कार्यान्वियन गर्न आगामी आ.व २०७८/७९ को वार्षिक योजना तथा बजेट तर्जुमाका आधारहरु र वार्षिक योजना तथा बजेट प्राथमिकताहरु प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

- नेपालको संविधानको अनुसूचि ८ र ९ ले निर्दिष्ट गरेका स्थानीय तहको एकल तथा साझा अधिकारहरु, मौलिक हकहरु, राज्यको नीति तथा निर्देशक सिद्धान्तहरु,
- संघीय सरकारले अङ्गिकार गरेको पन्ध्रौ आवधिक योजनाले निर्धारण गरेको लक्ष्य, नीति तथा प्राथमिकताहरु,
- संघीय सरकारले अङ्गिकार गरेका आर्थिक तथा वित्तीय नीतिहरु,
- प्रदेश सरकारले अङ्गिकार गरेका आर्थिक तथा वित्तीय नीतिहरु,
- स्थानीय सरकार संचालन ऐन २०७४ (संसोधन सहित),
- संघीय सरकारबाट प्राप्त बजेट र सोको साथमा प्राप्त बजेट तर्जुमा गर्दा लिनु पर्ने आधारहरु,
- यस उप-महानगरपालिकाको दिर्घकालिन सोच,
- राजनैतिक दलहरुबाट प्राप्त सुझावहरु,
- सहभागितामूलक योजना तर्जुमा प्रक्रिया मार्फत प्राप्त सुझावहरु,
- राजश्व परामर्श समितिको प्रतिवेदन सिफारिस,
- श्रोत तथा बजेट सीमा निर्धारण समितिको श्रोत तथा बजेट अनुमानहरु,
- बजेट तथा योजना तर्जुमा समितिले दिएका सिफारिसहरु,
- नगरपालिकाका विभिन्न विषयगत समितिका सिफारिसहरु,
- विगत बर्षहरुमा सम्पन्न भएका नगर सभा बैठकहरुबाट भएका निर्णयहरु,
- नगरकार्यपालिकाले योजना तर्जुमाका लागि निर्णय गरी तोकेका आधारहरु,
- विभिन्न विषयगत विज्ञहरुसँग छलफल गर्दा प्राप्त सुझावहरु,
- विभिन्न विषयगत शाखाहरुबाट प्राप्त राय सल्लाह तथा सुझावहरु,
- नेपाल सरकारले प्रतिवद्धता जनाएका दिगो विकासका लक्ष्य,
- उप-महानगरपालिकाले स्वीकृत गरेकाविभिन्न नीति, कार्यविधि, ऐन र नियमावलीहरु,
- अन्तराष्ट्रिय तथा राष्ट्रिय विकास साझेदार संघ सस्थाहरुका राय, सल्लाह तथा सुझावहरु

Scanned with CamScanner

**बजेट तथा कार्यक्रमका प्राथमिकता क्षेत्र:**

- कोभिड १९ बाट सृजित समस्या व्यवस्थापन, स्वास्थ्य, सरसफाई र विपद व्यवस्थापन
- स्वास्थ्य तथा मानव सामर्थ्य विकास
- कृषि उत्पादन र उत्पादकत्व अभिवृद्धि
- शिक्षा तथा रोजगारी
- पूर्वाधार निर्माण तथा दीगो विकास
- सूचना प्रविधि तथा सञ्चारमा विकास
- उद्यम, स्वरोजगारी र सहकारीताको विकास
- मानव संसाधन तथा संस्थागत सुशाशन
- सामाजिक विकास तथा गरिवी निवारण
- संस्कृति तथा पर्यटन प्रवर्द्धन
- वन तथा वातावरण संरक्षण एवम् सामुदायिक वनको दीगो प्रयोग
- प्राकृतिक विपद व्यवस्थापन पूर्व तयारी, पुर्नस्थापन, पुनःनिर्माण, क्वारेन्टाइन व्यवस्थापन, आईसोलेसन केन्द्र स्थापना, राहत तथा उद्दार कार्य, न्यायोचित वितरण, सचेतना कार्यक्रम
- आर्थिक रुपले अति विपन्न श्रमिक तथा मजदुरहरुलाई रोजगारी उपलब्ध गराउन श्रममुलक प्रविधिको प्रयोग गरि कार्यन्वयन गरिने आयोजनाहरु छनौट गर्ने, संक्रमण जोखिम रहदासम्म अशक्त, असहाय एवं आर्थिक रुपले विपन्न गर्भवती महिला, जेष्ठ नागरिक एवंम् अपांगता भएका व्यक्तिहरुलाई राहतका कार्यक्रम संचालन गर्ने गरि बजेट विनियोजनको प्राथमिकता
- कोभिड-१९ रोगको व्यावस्थापन, उपचार र नियन्त्रणमा खटिने स्वास्थ्यकर्मी तथा अन्य जोखिममा रहेका प्रशासनिक जनशक्तिलाई स्वास्थ्य सुरक्षा सामाग्री (खोप, पीपीइ) को अभाव नहुने गरी बजेट व्यवस्थामा प्राथामिकता

**सम्मानित नगर सभाका अध्यक्ष महोदय,**
**नगर सभाका सम्पूर्ण सदस्यज्यूहरु,**

यस सम्मानित सभा समक्ष लोकतान्त्रिक गणतन्त्र कार्यान्वयनको पहिलो स्थानीय सरकारको रुपमाविगत चार वर्षदेखि हामीले हासिल गरेका महत्वपूर्ण उपलब्धीलाई आम नागरिक समक्ष जानकारी गराउनु स्थानीय सरकारको दायित्व हो भन्ने ठानेको छु। तसर्थ, यस सम्मानित सभा समक्ष हाल सम्म सम्पन्न भएका मुख्य क्षेत्रगत कार्यक्रमहरुको समिक्षा प्रस्तुत गर्ने अनुमति चाहन्छु।

८. नगरका सवै वडाहरुमा आधारभुत स्वास्थ्य सेवा उपलब्ध गराउन स्वास्थ्य सेवा विस्तार गर्ने नीति अनूरुप चालु आ.व. मा वडा नं १, ३,४,५,९ र १८ मा सेवा विस्तार भई उप-महानगरपालिकाका १६ वटा वडाहरुमा स्वास्थ्य सेवा सन्चालन गरिएको छ भने बाँकी३ वटा वडामा यसै चालु आ.व मा सेवा विस्तार गर्ने कार्य सम्पन्न गरिने छ ।

९. नागरिकको आधारभुत स्वास्थ्य लाई ध्यान दिई कोभिड-१९ रोकथाम र नियन्त्रणका लागि नगरमा स्वाव संकलन कार्यलाई व्यवस्थित बनाईएको छ। हालसम्म १४७६५ जनाको स्वाव संकलन तथा परिक्षण गरिएको छ। जोखिम न्यूनीकरणका लागि टेस्टिङ र ट्रेसिङका आधारमा वडा-वडामा पिसीआरमा पहुँच नभएका संक्रमितको सम्पर्कमा रहेका व्यक्तिहरुलाई निःशुल्क एन्टिजेन मार्फत कोरोजा जाँच गरिएको छ। कोभिड-१९को संवेदनशिलतालाई ध्यान दिई वडा नं १५ को कनरी मा १५० वेडको आईसोलेसन सेन्टर स्थापना, Holding Center सञ्चालन, महिलाका लागि छुट्टै क्वारेन्टाईन तथाआईसोलेसनकेन्द्र, महीला"Holding Center"र नगरका सवै नागरिकलाई निःशुल्क एम्वुलेन्स सेवा सन्चालन गरिएको छ। कोभिड-१९ को दोस्रो लहरमा संक्रमितहरुलाई अक्सीजनको आवश्यकता पर्ने भएकाले यसको दिगो व्यवस्थापनका लागि सार्वजनि निजि साझेदारीका आधारमा **धनगढीनगर अस्पताल, वेलीमाअक्सीजन** प्लान्ट जडान कार्य प्रारम्भ गरिएको छ भने आगामी आ.व.देखि व्यवस्थित रुपमा अक्सीजन आपूर्तिको व्यवस्था गरिनेछ। साथै,वेली नगर अस्पतालमा ग्रामिण अल्ट्रासाउण्ड कार्यक्रम अन्तर्गत निःशुल्क गर्भवती जाँच सेवा सञ्चालन गरिएको छ।

Scanned with CamScanner

१०. विश्वव्यापी महामारीको रुपमा देखा परेको कोभिड-१९ को प्रभाव न्यूनीकरण गर्न तथा नेपाल सरकारबाट घोषणा गरिएको बन्दाबन्दीका कारण प्रभावित बनेका परिवारलाई सहज बनाउन नीजि क्षेत्रसँगको समन्वयनमा घुम्ती पसल सन्चालन, अति विपन्न परिवारलाई राहत वितरण, निःशुल्क मास्क वितरण, भारतबाट आएका नेपाली नागरिकहरुलाई सिमा प्रवेस क्षेत्रमै एन्टीजेन परिक्षण र उनीहरुलाई सम्बन्धित पालिकामा जानका लागि उचित व्यवस्था, कोभिड १९को अवधिमा रक्तदान लगायत लगायतका कार्यहरु संचालन भएका छन। साथै, नसर्ने रोगका औषधीहरु वडा स्वास्थ्य संस्थाबाट मुलभरुपमा उपलब्ध गराईएको छ।

११. पूर्वाधार क्षेत्र तर्फको चालु आ.व. को जेष्ठ मसान्त सम्म २०० कि.मि. सडक कालोपत्रे, ४०० कि.मी. सडक ग्रावेल गर्ने कार्य सम्पन्न भएको छ भनेयसै आर्थिक वर्षमा थप १.५.कि.मि सडक स्तरीकरण र २० कि.मी नयाँ सडक ट्र्याक खोल्ने कार्य सम्पन्न भएको छ। त्यसैगरी, हालसम्म नगरक्षेत्र भित्रका ७,८८४ घरधुरीमा स्वच्छ खानेपानी पुगिसकेको अवस्था छ भने सबै वडामा बिद्धुत पुगेको छ। शिक्षा पूर्वाधारको क्षेत्रमा यस आ.व मा मात्र थप ११ वटा विद्यालय भवनहरु निर्माण सम्पन्न भएका छन। यसैगरी, वडा नं १३ मा रानाथारु संग्राहलय निर्माणको अन्तिम चरण रहेको छ भने वेहडावावा धार्मीक पर्यटन क्षेत्रकारुपमा विकास गर्न गुरुयोजना तयार भई कार्यान्वयनमा रहेको छ। यसैगरी, वडा कार्यालयलाई पूर्वाधारका हिसाबले सवल र सक्षम बनाई सेवालाई व्यवस्थित र प्रभावकारी बनाउन वडा नं ८,११,१३ १२, १६, मा वडा कार्यालय भवन निर्माण सम्पन्न भईसकेको छ भने थप वडा नं. ३,५, ६, ७,९,१४ र १७ मा वडा कार्यालयको भवन निर्माणधीन अवस्थामा रहेको छ।

१२. न्यायिक समिति अन्तर्गत चालु आ.व. मा नयाँ दर्ता भएका मुद्धा संख्या ३१ र प्रक्रियामा रही अघिल्लो वर्षवाट जिम्मेवारी सरेका मुद्धा ४ गरी कुल मुद्धा संख्या ३५ रहेका छन्। जसमध्ये मिलापत्र भएका १५, मिलापत्र हुन नसकेका ५ र प्रक्रियामा रहेका १५मुद्धा छन्। यस आ.व. मा समितिको स्वीकृत कार्यक्रम अन्तर्गत नगर बासिको न्यायमा पहुँच बढाउन मेलमिलापकर्ता, भलभन्सा र धार्मीक अगुवाहरुलाई कानूनी प्रक्रियाका बारेमा अभिमुखीकरण गरिनुका साथै वडा अध्यक्ष, वडा सचिव तथा अमिनहरुलाई कानूनी प्रक्रियाका बारेमा जानकारी तथा अभिमुखीकरण गरिएको छ। अदालत, जिल्ला प्रशासन, मालपोत लगायत नगर भित्रका सरोकारबालाहरु सँग न्यायिक निरुपणका विषयमा अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ। साथै, कोभिड-१९ को कारण कार्यालय सम्म आउन नसक्ने ब्यक्तिहरुलाई गुनासो सुनुवाई, मनोसामाजिक परामर्श र कानुनी परामर्श उपलब्ध गराईएको छ।

१३. उप-महानगरपालिकाका सवै वडा कार्यलय र स्वास्थ्य चौकीहरुमा फाईवर नेट जडान कार्य सम्पन्न भएको छ। सेवालाई चुस्त दुरस्त र छिटो छरितो बनाई प्रभावकारी सेवा प्रवाह गर्नका लागि सवै वडा कार्यलयमा सिसिटिभि जडान कार्य सम्पन्न भएको छ। कर प्रणालीलाई सहज बनाउन अनलाईन कर प्रणालीको यसै आ.व वाट शुरुवात भएको छ। साथै, वडा नं १ मा सूचना प्रविधि केन्द्र स्थापना र वडा नं १०, ११ र १२ मा डिजिटल डिस्प्ले बोर्ड राख्ने कार्य सम्पन्न भएको छ।

१४. नगर क्षेत्र भित्रका १९ वटै वडामा GIS Base House Numberingगर्ने र स्थानीय सडकहरुको नामाकरण गर्ने कार्य सम्पन्न भएको छ। साथै, धनगढी उप महानगरपालिको घरधुरी सर्वेक्षण मार्फत ३१८४५ वटा घरधुरीको जिआईएस प्रविधि मार्फत तथ्यांक संकलन गरि डिजीटल प्रोफाई निर्माण कार्य सम्पन्न भईरहेको छ। आगामी दिनमा यस डिजिटल प्रोफाईल लाई थप अद्यावधिक गरिने छ।

१५. आ.व. २०७४/०७५ देखि चालु आ.व सम्म करिव ६४९४ वटा पशुमा निःशुल्क कृत्रिम गर्भाधान, २४ परिवारलाई ४७२ वटा बंगुरका पाठापाठी, १५० परिवारलाई १५७ वटा उन्नत जातका बाख्रा, ९४० वटा गाई, ४६६ वटा भैसी वितरण गरिएको छ भने ३११जनालाई उन्नतजातको घाँस वितरण र घुम्ती शिविर मार्फत २०२ वटा छाडा कुकुरहरुको स्थायी बन्ध्याकरण गर्ने कार्य सम्पन्न गरिएको छ। यसैगरी, १०.१५ हेक्टरमा माछापोखरी बिस्तार गरिएको छ।

१६. विकास निर्माण र सामाजिक परिचालनमा नागरिकको सहभागीतालाई प्रभावकारी बनाउन यस उप महानगरपालिकामा १६० वटा टोल विकास संस्था गठन भएका छन।

१७. सामुदायीक विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि का लागि बिद्यालय सुधारका बिभिन्न कार्यक्रमहरु संचालन गरिएको छ। सामुदायीक विद्यालयका छात्राहरुका लागि निःशुल्क स्यानेटरी प्याड वितरण कार्यलाई निरन्तरता दिदै चालु आ.व. का लागि खरिद प्रक्रिया सम्पन्न गरिएको छ।

Scanned with CamScanner

१८. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतबेरोजगार सूचीमा सूचिकृतहरुलाई लक्षित गरि नगरका विभिन्न स्थानमा तटबन्धन, बाट निर्माण, नाली निर्माण, नाला सरसफाई जस्ता कार्यक्रम सन्चालन गरिएको छ। यसबाट बेरोजगार सूचीमा रहेका सूचीकृत ६५० जना लभान्वित भएका छन् भने आगामीवर्षका लागि थप१२०० जनाले निवेदन दर्ता गराएका छन।

१९. नगरका वडाहरुमा कृषक समुहलाई बेमौसमी तरकारी खेती , बिउ मल वितरणकार्य सम्पन्न गरिएको छ।

२०. महिलाहरुलाई आत्म निर्भर, स्वावलम्बी र नेतृत्वदायी बनाउनका लागि ६० जनालाई ८ प्रकारका सीप विकास तालीम, ६ वटा श्रमी समूह निर्माण गरि परिचालन गरिएको छ। यो बर्ष,थप९ वटा सहकारी दर्ता भई हाल सम्म १५ वटा सहकारी सक्रिय रुपमा सञ्चालनमा आएका छन् भने सहकारीलाई उत्पादनमूखी बनाउँदै नगरको गरिबी उत्थान सँग जोड्ने कार्य प्रारम्भ गरिएको छ।

२१. उपभोग्य खाद्यबस्तुको गुणस्तर परिक्षण र बजार अनुगमनका लागि जिल्ला प्रशासन, उद्योग वाणिज्य संघ सँगको सहकार्यमा यस आ.व मा १० पटक बजार अनुगमन कार्य सम्पन्न भएको छ। साथै, नगरस्तरीय अनुगमन पटकपटक गरिएको छ।

२२. यस उप महानगरपालिकामा हाल सम्म १७ वटा ऐन, ४ वटा नियमावली, २७ वटा कार्यविधि, ६ वटा नीति तथा निर्देशिका, २ वटा मापदण्ड/ आचारसंहिता स्वीकृत भई हाल सम्म ५६ वटा कानून निर्माण भई कार्यन्वयन भईरहेको छ।

**सम्मानित नगर सभाका अध्यक्ष महोदय,**
**नगर सभाका सम्पूर्ण सदस्यज्यूहरु,**

अब म आगामी आ.व. २०७८/७९ को वार्षिक योजना तथा कार्यक्रमलाई कोभिड-१९ संवेदनशील बनाउन लिइएका रणनीतिहरु प्रस्तुत गर्दछु।

२३. विश्वभर फैलिएको कोभिड-१९ को संक्रमणबाट यो नगरपालिका पनि अति प्रभावित हुनपुगेको यथार्थलाई मध्यनजर गर्दै कोभिड-१९ संक्रमण रोकथाम तथा नियन्त्रणका लागि नगरपालिकाको क्षेत्राधिकार भित्रका सबै उपाय, स्रोतसाधन र अधिकार अवलम्बन गरि नागरिकको जीउज्यानसूरक्षाको दिगो प्रत्याभूतिको लागि प्राथमिकतापूर्वक बजेट विनियोजन गरको छु । साथै, कोभिड-१९ संकट रोकथामका लागि खटिने स्वास्थ्यकर्मी तथा जनशक्तीलाई स्वास्थ्य सूरक्षा सामाग्रीको व्यवस्थाको लागि आवश्यकता अनुसार बजेट व्यवस्था गरेको छु ।

२४. कोभिड-१९ को संक्रमण रहेको अवस्था सम्म असक्त, असहाय एवम् आर्थिक रुपले विपन्न गर्भवती, जेष्ठ नागरिक एवम् अपांगता भएका व्यक्तिहरुको स्वास्थ्य सुरक्षालाई ध्यान दिदै राहत तथा औषधि उपचारको लागि बजेट व्यवस्था गरिने छ।

२५. नगरका विभिन्न बस्तीहरुमा कोराना परिक्षण कार्यलाई तिव्रता दिईने छ। संक्रमणको सम्भावित जोखिममा रहेका नागरिकहरुलाई क्वारेन्टिनमा राखि निगरानी गर्ने कार्यलाई निरन्तरता दिईने छ । संक्रमणको दरको आधारमा आश्यकता अनुसार थप क्वारेन्टिन तथा आईसोलेसन केन्द्रहरु र **"मनोसामाजिक परामर्श"** सेवाको समेत व्यवस्थापन गरिने छ।

२६. खोप, सुरक्षित मातृत्व, प्रजनन स्वास्थ्य, पोषण जस्ता जनस्वास्थ्य सँग सम्बन्धित आधारभूत सेवा सुविधा लाई प्रभावकारी बनाउन महिला स्वास्थ्य स्वंयमसेविका लाई परिचालन गर्ने नीतिलाई थप प्रभावकारी रुपमा कार्यान्वयन गरिने छ। साथै, महिला स्वास्थ्य स्वयंसेविकालाई यातायात तथा सञ्चार खर्चमा प्रतिमहिना रु. एक हजार थप रकम विनियोजन गरेको छु।

२७. कोभिड-१९ संक्रमणको अवधिमा समेत पठनपाठनलाई नियमित गर्न संघीय र प्रदेश सरकारवाट जारी भएका आदेश तथा उप-महानगरपालिकाले तय गरेको मापदण्ड भित्र रहेर पठनपाठन कार्य संचालन गर्न विद्यालयमा पूर्वाधार निर्माण, खानेपानी, शौचालय तथा सरसफाईको व्यवस्था गर्ने कार्यलाई निरन्तरता दिईने छ।

२८. श्रमिकलाई स्थानीय स्तरमै रोजगारी प्रदान गरी **"स्थानीय सीपप्रवर्द्धन : आय उपार्जन"** भन्ने नाराका साथ रोजगारी उपलब्ध गराउन श्रममुलक प्रविधिको प्रयोग हुने आयोजना छनौटमा प्राथमिकता दिई कार्यान्वयन गर्ने नीति लिइनेछ।

२९. कोभिड-१९ को कारण वैदेशिक रोजगारवाट फर्केका र स्वदेशमै वसेका युवा बेरोजगार जनशक्ति र उनीहरुमा रहेको ज्ञान, सीप र दक्षताको भरपुर उपयोग हुने गरी मागमा आधारित योजना संचालन गर्दै स्थानीय अर्थतन्त्रलाई चलायमान बनाउने नीति अवलम्बन गरिने छ।

Scanned with CamScanner

सम्मानित नगर सभाका अध्यक्ष महोदय,

नगर सभाका सम्पूर्ण सदस्यज्यूहरु,

अब म यस उप-महानगरपालिकाको आर्थिक वर्ष २०७८/०७९ को लागि विषयगत समितिहरुबाट अनुमोदन भई आएका क्षेत्रगत नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्न अनुमति चाहन्छु ।

**क) आर्थिक विकास तर्फः**

उन्नत बिउ बिजन र आधुनिक कृषि प्रविधिको उच्चतम प्रयोगबाट आधुनिक कृषि प्रणाली तथा पशुपालन व्यवसाय प्रवर्द्धन गरी उत्पादन र उत्पादकत्वमा अभिवृद्धि गर्ने, सहकारी औद्योगिकरण मार्फत नगरको सामाजिक आर्थिक रुपान्तरण गरी आत्मनिर्भर, दीगो, स्वतन्त्र, उन्नतशील र फराकिलो अर्थतन्त्र निर्माण गर्ने र पर्यटन प्रवर्द्धनको माध्यमबाट आर्थिक सम्वृद्धि हासिल गर्ने नीतिलाई नगरको मूल आर्थिक विकास नीतिको रुपमा लिइनेछ ।

**कृषि तर्फः**

३०. किसानहरुलाई बैंकिङ सेवासँग आवद्ध गरि सहज र सुलभ सेवा उपलब्ध गराउन **'किसान क्रेडिट कार्ड'** को व्यवस्था गरिने छ।

३१. जग्गाको उच्चतम उपयोग गर्दै स्वरोजगार बन्न जोड दिने उद्देश्यले बगर खेतीलाई प्रोत्साहन गर्ने कार्यक्रमहरुलाई निरन्तरता दिईने छ ।

३२. कृषि उत्पादनमा प्राङ्गारिक मलको प्रयोग गरि उत्पादन गर्ने कार्यलाई प्रोत्साहन गरिनेछ ।

३३. नगरपालिकाले कृषि क्षेत्रको विकासको लागि कृषि प्राविधिक परिचालन गरी खेती योग्य जमिनको माटो परीक्षण, पहिचान र उपयुक्तताका आधारमा **कृषि उत्पादन"** कार्यक्रमको अवधारणलाई निरन्तरता दिईनेछ। साथै, आवश्यकता अनुसार वडा कार्यालयमा एक कृषि प्राविधिक राख्ने व्यवस्था मिलाईनेछ ।

३४. **सामुदायिक वनमा खेतीको** अवधारणा विकास गरि कुरिलो, घ्युकुमारी, अमला, बेल, रुद्राक्ष लगायतका जडिबुटीजन्य वनस्पती खेतीलाई प्रोत्साहनगर्ने कार्यको थालनी गरिने छ ।

३५. कृषि पेशा लाई सम्मानित, मर्यादित, प्रतिस्पर्धी र व्यवसायिक बनाउन कृषक वर्गीकरणका आधारमा **व्यवसायिक कृषक पहिचान र परिचयपत्र** को लागि व्यवस्था गरिनेछ । उन्नत बिउ र आधुनिक कृषि औजारमा अनुदानको व्यवस्था गरि उत्पादकत्वमा वृद्धि गर्दै दिगो खाद्य सुरक्षाको सुनिश्चितता गरिने छ । साथै, युवाहरुलाई कृषि व्यवसाय तर्फ आर्कषित गर्दै स्वरोजगारी सिर्जना गर्न युवा लक्षित कृषि कार्यक्रमहरु संचालन गरिनेछ ।

३६. तरकारी तथा फलफूल उत्पादनमा जोड दिंदै आयात प्रतिस्थापन गर्न सहयोग पुर्याउने उद्देश्यले तरकारी तथा फलफूल व्यवसायिक उत्पादन कार्यक्रम संचालन गरिनेछ । व्यावसायिक उत्पादनको लागि आवस्यक सिंचाइको व्यवस्था गर्न अनुदानको व्यवस्था गरिनेछ ।

३७. भूमिहिन तथा न्यून जग्गा जमिन भएका नगरवासीहरुलाई थोरै जमिनबाट पनि आय आर्जमा गर्न सकिने मौरीपालन, च्याउ खेती जस्ता नगदे व्यवसायमा प्रोत्साहित गर्ने कार्यक्रमलाई निरन्तरता दिईने छ । कृषककालागि सबै प्रकारको बिउ उत्पादन तथा बीउ भण्डारण कार्यका लागि अनुदान दिईने नीतिलाई निरन्तरता दिईने छ। साथै, जग्गाको वर्गीकरण गरि माटोको गुणस्तरको आधारमा निश्चित क्षेत्रलाई आलु र मसिनो धान पकेट क्षेत्र निर्धारण गरी उत्पादनको आधारमा कृषकलाई अनुदान दिने व्यवस्था गरिने छ ।

३८. कृषि उत्पादन वृद्धिको लागि कृषकलाई उन्नत प्रविधि सम्बन्धी तालीम प्रदान गर्ने, बेमौसमी तरकारी खेती कार्यक्रममा जोड दिने, कृषि बिमा कार्यक्रमलाई प्रवर्द्धन र कार्यान्वयन गर्न जनचेतना फैलाउने जस्ता कार्य सन्चालन गरिने छ ।

३९. मुक्तकमैया, एकल तथा दलित महिला लगायत जीवनस्तर सुधारका लागि उनीहरुकै रोजाइको आयआर्जनका कार्यक्रम छनौट गरी त्यस्ता कार्यक्रम संचालन गर्न अनुदान तथा समन्वयको व्यवस्था गरिनेछ ।

४०. कृषि प्रविधि र बजार मूल्य सम्बन्धी सूचना प्रणाली (Agriculture Information System) थप प्रभावकारी बनाईने छ ।

Scanned with CamScanner

**पशुपंक्षी विकास तर्फः**

४१. कृषकहरुलाई पशुपंक्षीको अप्रत्याशित क्षति न्यूनीकरण गर्न **पशुपंक्षी बिमा कार्यक्रमलाई** प्रभावकारी रुपमा कार्यान्वयन गरिने छ।पशु सेवा शाखाबाट संचालन हुने अनुदानका कार्यक्रमहरुमा अनिवार्य बिमाको नीति लिइने छ। साथै,पशुपंक्षी पालन सम्बन्धि चेतनामुलक कार्यक्रम संचालन गरिने छ।

४२. पशुजन्य पदार्थको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्न पशु नश्ल सुधारलाई प्राथमिकता दिईने छ र सो का लागि कृत्रिम गर्भाधान कार्यको निरन्तरता, क्षेत्र विस्तार, प्राविधिक दक्षतामा वृद्धि र आवश्यक उपकरण उपलब्ध गराईने छ।

४३. ग्रामिण क्षेत्रमा विपन्नताका आधारमा दलित, महिला, जनजाति, एकल महिला, अपाङ्गता भएका तथा विपन्न वर्गलाई आयआर्जका लागि पशु सेवामा आयमूलक पैंचो कार्यक्रम संचालन गरिने छ।

४४. दुध, माछा, मासु र अण्डामा आत्मनिर्भर हुन पशुपंछी व्यवसायलाई प्रवर्दन गर्ने नीतिलाई निरन्तरता दिईने छ।

४५. कोभिड-१९ का कारण रोजगारी गुमाएका, विदेशबाट फर्किएका तथा पशुपंछी पालन व्यवसाय सुरु गर्न चाहने व्यक्तिहरुका लागि मागमा आधारित व्यवसायिक तालिम र नमूनाका रुपमा **पशुपंक्षी पकेट कार्यक्रम** संचालन गरिने नीति लिईनेछ।

४६. सामुदायिक पशुहरुको उपचार तथा भ्याक्सिनेशन गर्ने कार्य लाई निरन्तरता दिईने छ। सामुदायिक कुकुरहरुको व्यबस्थापनकोलागि जन्म तथा रेविज रोगको प्रभाव न्यूनिकरण गर्ने कार्य संचालन गरिने छ। साथै, सामुदायिक चौपायाहरुको उचित व्यवस्थापन गरिने छ।

४७. पशुपंक्षी उपचारमा कृषकहरुको पहुँच बढाउन आवश्यकताका आधारमा पशु सेवा प्राविधिकको व्यवस्था गरि पशुपंक्षी उपचार सेवालाई विस्तार गरिने छ।

४८. पशजुन्य खाध्य पदार्थको गुणस्तरीय उत्पादनकता दिँदै विषयगत शाखा र विविधिकरण र बजारीकरणलाई प्राथमि ,प्रशोधन , सेवाकेन्द्रहरुमा रोग निदानका लागि प्रयोगशाला स्थापना गरिनेछ

**पर्यटन विकास तर्फः**

४९. वडा नं. ३ को सामुदायिक वन क्षेत्र देखि शिवपुरीधाम,जाखोर ताल हुँदै जेहडाबाबा सम्म विभिन्न मठ मन्दिर जोड्दै सांस्कृतिक तथा पर्यटकिय साईकल ट्रयाक निर्माण गर्ने कार्यलाई निरन्तरता दिईनेछ!

५०. नेतुवा ताल, जाखौर ताल, तिल्के ताल, बेला ताल, वेहडाबाबा ताल, नथुनिया ताल जेठो, नथुनिया तालकान्छो, कुईलही ताल जेठो, कुईलही ताल कान्छो, नजरिया ताल(जेठो, कान्छो), कमल ताल, लमही ताल,सुल्खैया ताल(जेठो, कान्छो र माईलो), चौफेरी ताल, सुन्दरी ताल, ड्रमहवा ताल, नथनी ताल र कथनी ताल लगायत विभिन्न वडामा रहेका तालहरुलाई पर्यटकीय क्षेत्रको रुपमा विकास गर्ने नीतिलाई निरन्तरता दिईने छ।

५१. पर्यटन प्रवर्द्धनका लागि घर आवास (होमस्टे) नीतिलाई प्रोत्साहन गरिने छ। भादा होमस्टेलाई थप प्रवर्द्धन गरि आन्तरिक तथा बाह्य पर्यटकहरुको आकर्षक केन्द्रको रुपमा विकास गरिनेछ। साथै, यसै यसै आर्थिक वर्ष भित्र वडा नं १० र १४ मा थप होमस्टे सञ्चालनमा ल्याईने छ।

५२. **"हाम्रो परम्परा, हाम्रो संस्कृति :संरक्षण र प्रवर्द्धन हाम्रो साझा जिम्मेवारी"** का साथ रानाथारु संग्रहालय निर्माण कार्यलाई यसै आर्थिक वर्ष भित्र सम्पन्न गरिने छ।

५३. धनगढी उप-महानगरपालिकाको नेपाल भारत सीमा क्षेत्रमा रहेको गौरीफन्टा नाकामा पर्यटन प्रवर्द्धनका लागि स्थानीय मौलिकतामा आधारित स्वागतद्वार निर्माण गर्न संघीय सरकार र प्रदेश सरकारसँग आवश्यक समन्वय तथा सहकार्य गरिने छ।

**उद्योग तथा वाणिज्यतर्फः**

५४. धनगढी सिटी हल तथा फूलबारी कोल्ड स्टोरको निर्माण प्रकृया अगाडि बढीसकेकाले हस्तान्तरण भैसकेपछि सार्वजनिक निजी साझेदारी अवधारणा अनुसार संचालनमा ल्याइने छ ।

Scanned with CamScanner

५५. स्वदेश तथा विदेशमा निर्यात हुने उत्पादित वस्तुमा स्थानीय करमा छुट दिने नीतिलाई निरन्तरता दिदै निर्यातयोग्य उत्पादनमा जोड दिइनेछ।

५६. नगरक्षेत्र भित्र कालोबजारी, एकाधिकार, कृत्रिम अभाव सिर्जना गर्ने व्यवसायीलाई कार्वाही गर्न संघीय तथा प्रदेश सरकारसँग समन्वय गरी अघि बढिने छ। साथै, बजार अनुगमनको कार्यलाई तिव्रताका साथ लागु गरिने छ।

५७. नगर क्षेत्र भित्र **श्रम बैंक तथा रोजगार साटासाट केन्द्र** स्थापनाका लागि नीतिगत व्यवस्था गरिने छ। नगरभित्र रहेका श्रमिकहरुको ज्ञान, सिप र दक्षताको विशिष्टीकरण गर्दै रोस्टरका आधारमा श्रमकार्ड वितरण गरी रोजगारी सिर्जना गर्ने नीति लिईने छ।

५८. घरेलु तथा साना उद्योग र लघु उद्यम विकासकार्यक्रमलाई प्रवर्द्धन गर्दै कानून बमोजिम घरेलु तथा साना उद्योगहरुको दर्ता एवम् नविकरण स्थानीय तहवाटै गर्ने व्यवस्था मिलाईने छ।

**सहकारी विकास तर्फः**

५९. सहकारीहरुलाई उत्पादनशील बनाउदै गरिबी निवारण गर्ने उद्देश्यले सबै प्रकारका सहकारीहरुलाई उत्पादन तथा स्वरोजगारका कार्यक्रम संचालन गर्न प्रोत्साहन गरिनेछ।

६०. बचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्थामा आवद्ध भएका एकल महिला, अति विपन्न र अपाङ्गता भएका शेयर सदस्यहरुलाई स्वरोजगार गराउने उद्देश्यले क्रमिक रुपमा सहकारी मार्फत त्यस्ता सदस्यहरुलाई सस्तो व्याजदरमा व्यवसाय संचालन गर्न घुम्ती कोषको रुपमा ऋण उपलब्ध गराईने छ।

६१. सहकारीहरुलाई व्यवसायिकरुपमा स्वच्छ, पारदर्शी, सबल र सक्षम बनाउन लागत सहभागिता हुने गरी मागमा आधारित तालीम सञ्चालन गर्ने व्यवस्थालाई निरन्तरता दिईनेछ ।

६२. नयाँ गठन भएका र निष्क्रिय सहकारीको संस्थागत क्षमता अभिवृद्धिका लागि सहकारी शाखासँगको परामर्शमा आवश्यक तालिम दिईनेछ। साथै, सहकारी संस्थाको कारोबारलाई डिजिटल (Digital) प्रविधिमा रुपान्तरण गर्न निःशुल्क तालिम उपलब्ध गराइने छ। महिलामात्र सदस्य भएका सहकारी संस्थाहरुलाई अनुदान दिने व्यवस्था गरिने छ।

६३. पुँजीको अभावमा निष्क्रिय रहेका सहकारी संस्थाहरुलाई भौगोलिक कार्यक्षेत्र र प्रकृतिका आधारमा एकिकरण गरि सक्रिय गराउन तर्फ पहल गरिनेछ। साथै, सहकारी संस्थाको व्यवसायिक कारोवारलाई पारदर्शी बनाउन सहकारी अनुगमन कार्यमा तिव्रता दिइनेछ।

६४. नगरक्षेत्र भित्र रहेका सबै सहकारी संस्थाहरुको व्यवसायिक कारोबारलाई स्थानीय तहमा दर्ता तथा नविकरण गर्ने व्यवस्था मिलाईने छ। साथै, कृषि, पशु सेवा, महिला विकास र स्वास्थ्य शाखाबाट गठन भएका समूहहरुलाई वित्तिय साक्षरता तथा सहकारी सचेतना सम्बन्धी अभिमुखिकरण गरि सहकारीमा आवद्ध गर्न प्रोत्साहन गरिनेछ।

६५. सहकारीका सदस्यहरुलाई सहकारी सम्बन्धी ज्ञान तथा क्षमता विकासका लागि सहकारी संस्थाहरुसँग अन्तरक्रिया तथा अवलोकन कार्यलाई प्रोत्साहन गर्न लागत सहभागीतामा अवलोकन तथा अध्ययन भ्रमणको व्यबस्था मिलाइनेछ।

६६. नगरवासीहरुलाई सहज र सरलरुपमा आर्थिक कारोबार संचालनकोलागि बैक तथा वित्तिय संस्थाहरुसँग सहकार्य गरी टोल, छिमेकमा नै बैकिङ सेवा पुर्याउन बैक तथा वित्तिय संस्थाहरुसँग समन्वय र सहकार्य गरिनेछ।

**ख) सामाजिक विकास तर्फ**

कोभिड-१९ का सम्भावित लहरहरुको संक्रमणबाट आम नगरबासीको जीवन रक्षा गर्दै सबै नागरिकहरुकोआधारभुत स्वास्थ्य माथि सरल,सहज एवम् गुणस्तरीय पहुँच स्थापित गर्न सार्वजनिक, नीजि, राष्ट्रिय तथा अन्तराष्ट्रिय जगत सँग समन्वय, सहकार्य र साझेदारी गर्दै नगरबासीको जीवनरक्षाको लागि नगरको स्रोत साधनले भ्याए सम्म सम्भाव्य सबै कार्य गरिनेछ।

Scanned with CamScanner

सामाजिक समावेशीताका आधारमा समुदायमा रहेका दलित, आदिवासी, अल्पसंख्यक, लैंगिक तथा यौनिक अल्पसंख्यक, लैंगिक हिंसा पीडीत, अपांङ्गता भएका ब्यक्ति, विपन्नर सिमान्तिकृत समुदायका ब्यक्तिहरुको आर्थिक, सामाजिक र साँस्कृतिक रुपान्तरण मार्फत सामाजिक रुपमा शसक्त र आर्थिक रुपमा आत्मनिर्भर बनाइने नीति लिईने छ।

**सामुदायिक विकास तथा सरसफाई :**

६७. मानवता, सामाजिक न्याय तथा सद्भावको शहर निर्माण गर्न मानव विकासमा क्रियाशिल संघसंस्थाहरुलाई सहकार्यको लागि आव्हान गर्दै जनचेतना मुलक अभियान सञ्चालन कार्यलाई निरन्तरता दिईनेछ।

६८. हिंसामा परेका महिलाहरुको सूरक्षालाई मध्यनजर गरी त्यस्ता महिलाहरुका लागि अस्थायी आवासका रुपमा **पुनर्स्थापना गृहको** स्थापना गरीनेछ।

६९. सुन्दर र स्वस्थ्य नगरपालिका अभियानलाई सार्थक बनाउनका लागि स्वच्छ र सफा घरआँगन कार्यक्रम संचालन गरिने छ। साथै, टोल विकास संस्था लाई योजना तर्जुमा, अनुगमनमा परिचालन गरि सामाजिक आर्थिक रुपान्तरण एवम् विकास निर्माणका प्रयासहरुलाई एकिकृत गरि सवै प्रकारको विभेद, वहिष्करण, बन्चितिकरण र लागूऔसध दुर्व्यसनीमा परेका ब्यक्तिहरुको उत्थान गर्ने नीति अवलम्बन गरिने छ।

७०. अपाङ्गता भएका ब्यक्तिहरुको लागि मनोसामाजिक परामर्श सेवा प्रदान गर्ने व्यवस्था मिलाईने छ।

७१. कुष्ठरोगी, एच.आइ.भी. एड्सबाट संक्रमित भएका ब्यक्तिहरुलाई सीपमुलक तालीम मार्फत क्षमता अभिवृद्धि गर्दै सामाजिक दृष्टिकोणमा सकारात्मक परिवर्तन ल्याउन विभिन्न सचेतनाका कार्यक्रमलाई निरन्तरता दिईने छ।

७२. लक्षित वर्गका महिलाहरुको सशक्तिकरण एवम् मुलप्रवाहीकरणका लागि महिला विकास कार्यक्रम मार्फत लैंगिक समानता, नेतृत्व विकास, सामाजिक न्याय, प्रजनन स्वास्थ्य, जीवन उपयोगी शिक्षाजस्ता सक्षमता अभिवृद्धिका कार्यक्रमलाई निरन्तरता दिईने छ।

७३. **"बालबालिका, किशोर किशोरीसँग उपमेयर"** कार्यक्रम सञ्चालन गरी बालसंरक्षणको लागि नगर क्षेत्र भित्रका बालबालिका तथा किशोर किशोरीहरुको क्षमता अभिबृद्धि गर्नुका साथै लागुऔषध, बालविवाह, छुवाछुत जस्ता सामाजिक विकृति, कुप्रथा तथा कुरीतिको विरुद्धमा सचेतना र जागरण अभियान लाई निरन्तरता दिइनेछ।

७४. नगरपालिका क्षेत्रमा कार्यक्रम संचालन गर्ने राष्ट्रिय तथा अन्तराष्ट्रिय गैह सरकारी संस्थाहरुलाई अनिवार्य रुपमा सूचिकृत गरि एकिकृत प्रणालीद्धारा कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाईने छ। त्यस्ता संस्थाका कार्यक्रम तथा बजेटलाई नगरपालिकाको वार्षिक कार्यक्रम भित्र समेटिने व्यवस्था मिलाइने छ। साथै, संस्थाहरुका कार्यको नियमित अनुगमन तथा मूल्याङ्कन गरी कार्यक्रम प्रभावकारिताको सुनिश्चितता गरिने छ।

७५. पारिवारिक संरक्षणबाट वञ्चित बालबालिकाहरुको संरक्षण गर्ने क्षेत्रमा कार्यरत संघ-संस्थालाई प्रोत्साहन गरिने कार्यलाई निरन्तरता दिईनेछ। साथै,बालश्रम मुक्त नगर निर्माण कार्यलाई प्राथमिकताका साथ अगाडी बढाईनेछ।

७६. स्थानीय स्तरका समूहहरुबाट तथा सामुदायिक तवरले निर्माण भएका सामुदायिक भवन तथा सम्पत्तिको संरक्षण, दिगो तथा बहु–उपयोग र व्यवस्थापनकोलागि आवश्यक कानून तर्जुमा गर्दै व्यवस्थित गरिनेछ।

७७. बहुसरोकारवाला सामाजिक जवाफदेहीताका औजारहरुलाई प्रभावकारी रुपमा लागु गरिनेछ।

७८. आ.व. २०७५/०७६ देखि शुरु भएको किशोर बम विकास पत्रकारिता पुरस्कार रु ५१,०००।- लाई निरन्तरता दिईने छ।

**शिक्षा, युवा तथा खेलकुद तर्फः**

७९. आधारभूत तथा माध्यमिक शिक्षा सम्बन्धमा नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा उल्लेखित काम, कर्तव्य र अधिकारहरुको कार्यान्वयनका लागि शिक्षा सम्बन्धी नगरस्तरीय ऐन, नियम, कार्यविधि लगायतका कानून तर्जुमा गरी कार्यान्वयन गरिनेछ।

Scanned with CamScanner

८०. विद्यालय उमेरका बालबालिकालाई अनिवार्य तथा निःशुल्क गुणस्तरीय शिक्षाको सुनिश्चितताकालागि सामुदायिक विद्यालयको शिक्षक दरबन्दीलाई आधारभूत तह कक्षा १–५ मा कक्षा एवम् विद्यार्थी संख्या, आधारभूत तह कक्षा ६–८ मा कक्षा तथा विषयगत र माध्यमिक तह कक्षा ९–१२ मा कक्षा तथा विषयगत आधारमा पुनःवितरण गरिनेछ। शिक्षक दरबन्दी पुनःवितरण गर्दा अपुग हुने शिक्षक दरबन्दीमा हाल विद्यालयमा कार्यरत योग्यतम् निजी स्रोत शिक्षक, बालविकास शिक्षक र खुला प्रतियोगितात्मक परीक्षाको माध्यमबाट नगर शिक्षक नियुक्त गर्ने प्रक्रिया नगरस्तरीय शिक्षासम्बन्धी कानूनद्वारा व्यवस्थित गरिनेछ। यो कार्य सम्पन्न नहुँदा सम्म तत् तत् तहमा शून्य दरबन्दी भएका विद्यालयहरूमा शिक्षण सिकाइलाई व्यवस्थित गर्न शिक्षण सहयोग अनुदान उपलब्ध गराईनेछ।

८१. नगरस्तरमा शिक्षासम्बन्धी समस्याहरूको पहिचान एवम् तिनको समाधानकालागि उपयुक्त सुझावहरू सङ्कलन गर्न शैक्षिक अनुसन्धान कार्यक्रम सञ्चालन गरिनेछ।

८२. विद्यालय तथा उच्च शिक्षा अध्ययन गर्ने विद्यार्थी, शिक्षक एवम् कर्मचारीहरूलाई सहयोग एवम् प्रोत्साहित गर्न **मेयर उपमेयर कल्याणकारी छात्रवृति कार्यक्रम** कार्यान्वयनमा ल्याइनेछ।

८३. शैक्षिक तथ्याङ्कीय अभिलेखहरूलाई व्यवस्थित गरी संस्थागत स्मरण (Instutional Memory) स्थापना गर्न आवश्यक व्यवस्था मिलाईनेछ।

८४. अपाङ्गता भएका बालबालिकालाई विद्यालयभित्रै वा विद्यालय बाहिर नजिकै आवासीय सुविधा उपलब्ध गराउन आवासीय छात्रवृत्ति उपलब्ध गराइनेछ। साथै, टिनको छानामुक्त विद्यालयनिर्माणको अभियानलाई निरन्तरता दिईनेछ।

८५. विद्यालय तहको कक्षा १–५ सम्म स्थानीय विषयको अध्ययनलाई सुनिश्चित गर्न स्थानीय स्तरमा आवश्यकता पहिचान गरिएका विषयवस्तु समावेश गरेर स्थानीय पाठ्यक्रम तर्जुमा गरी शैक्षिक सत्र २०७९ देखि कार्यान्वयनमा ल्याउन पहल गरिनेछ।

८६. कोभिड–१९ वा अन्य विपतजन्य परिस्थितिमा विद्यालयमा भौतिक उपस्थितिमा सिकाइ हुन नसक्ने परिस्थितिमा विद्यार्थीको सिकाइलाई निरन्तरता दिन सिकाइ सामग्रीको व्यवस्था, फ्रि फोन सेवा वा सञ्चारका अन्य वैकल्पिक उपयाहरुको माध्यमबाट सिकाइलाई निरन्तरता दिने प्रयास गरिनेछ।

८७. कोभिड–१९ को कारण मृत्यु भएका विद्यालयका शिक्षक, विद्यालय तथा नगरपालिकाका कर्मचारीका परिवारलाई राहत उपलब्ध गराईनेछ।साथै, कोभिड–१९ का कारण अभिभावक गुमाएका बालबालिकाको शैक्षिक सुनिश्चितताका लागि निश्चित मापदण्डका आधारमा वार्षिक एकमुष्ट शैक्षिक वृत्ति उपलब्ध गराईनेछ।

८८. उप-महानगरपालिकाको शैक्षिक विकासमा उत्कृष्ट सिकाइ उपलब्धी हासिल गर्ने विद्यार्थी र उत्कृष्ट कार्य गर्ने शिक्षक, कर्मचारी लगायतका शिक्षा सम्बद्ध पदाधिकारीहरुलाई हरेक वर्ष विशेष समारोहको अवसर पारी पुरस्कृत तथा सम्मान गर्ने परिपाटीको सुरुवात गरिनेछ। साथै, प्र.अ. हरुको खाईपाई आएको भत्तामा समयानुकूल वृद्धि गरिनेछ।

८९. बालविकास शिक्षक, विद्यालय कर्मचारी, विद्यालय सहयोगी र सामुदायिक सिकाइ केन्द्रका सहजकर्ताहरुलाई नेपाल सरकारले तोकेको न्युनतम् मासिक पारिश्रमिक रु. १५ हजारकालागि संघीय सरकारबाट उपलब्ध गराईएको रकममा नपुग हुने रकम उप-महानगरपालिकाबाट उपलब्ध गराउने व्यवस्था मिलाईनेछ।

९०. आधारभूत तहका सबै विद्यालयहरुलाई प्रति विद्यालय एक ल्यापटप, एक प्रिन्टर र एक प्रोजेक्टर उपलब्ध गराई विद्यालयको शिक्षण सिकाइ तथा प्रशासनिक कार्यलाई डिजिटलाइज्ड गर्ने कार्यको सुरुवात गरिनेछ।

९१. शिक्षक, प्रधानाध्यापक, विद्यालय कर्मचारी तथा शिक्षासम्बद्ध कर्मचारी एवम् पदाधिकारीहरुको क्षमता विकासका लागि प्रविधिमा आधारित अनलाइन, अफलाइन तालिम, विषयगत तालिम, नीतिगत तालिम, स्थलगत शैक्षिक भ्रमण, कार्यशाला, अनुभव आदानप्रदान कार्यक्रम, रोष्टर समूह गठन तथा परिचालन लगायतका नियमित कार्यक्रमहरुको सञ्चालनका लागि आवश्यक व्यवस्था मिलाईने छ।

९२. सबै माध्यमिक विद्यालयहरुमा ***ई–हाजिरी*** जडान गरी शिक्षकको उपस्थिति सम्बन्धी अभिलेखलाई व्यवस्थित गरिनेछ।

Scanned with CamScanner

९३. आँखा जाँच केन्द्र तथा आँखा अस्पतालहरुको सहकार्यमा विद्यार्थी तथा शिक्षकको विद्यालयमै नियमित आँखा जाँच गर्ने व्यवस्था मिलाइनेछ ।

९४. धनगढी पोलिटेक्निक इन्ष्टिच्युटको सञ्चालनका लागि आवश्यक कानून तथा बजेट व्यवस्था गरिनेछ ।

९५. विद्यालय, वडास्तरको खेलकुदको विकासका लागि राष्ट्रपति रनिङ शिल्ड, मेयर कप, उपमेयर कप खेलकुद प्रतियोगिता लगायतका अन्य खेलकुद प्रतियोगिताहरु एकल तथा संघ संस्थाहरुको सहकार्यमा सञ्चालन गरि खेलकुद क्षेत्रको विकासमा टेवा पुर्याउने नीति लिईनेछ ।

९६. वस्तुनिष्ठ मूल्याङ्कनका विधिहरुको आधारमा सबै प्रकारका विद्यालय स्तरीय तथा नगरस्तरीय परीक्षाहरु व्यवस्थित गरिनेछ ।

९७. पाठ्यक्रममा आधारित क्रियाकलाप तथा अतिरिक्त क्रियाकलापको माध्यमबाट बालबालिकाको अन्तरनिहित प्रतिभा प्रष्फुटनको अवसर प्रदान गरी सर्वाङ्गीण विकासमा टेवा पुर्याउन विद्यार्थी प्रतिभा पहिचान, अतिरिक्त क्रियाकलाप सञ्चालन जस्ता कार्यक्रमहरु सञ्चालन गरिनेछन् ।

९८. **सामुदायिक सिकाइ केन्द्र** मार्फत साक्षर महिला समुह गठनका माध्यमबाट आयआर्जनका कार्यक्रम संचालन गरी निरन्तर शिक्षा मार्फत आर्थिकस्तर वृद्धि गर्ने पहल गरिनेछ ।

९९. वडा कार्यालयबाट वडास्तर एवम् वडाभित्रका विद्यालयहरुमा सञ्चालन गरिने शैक्षिक कार्यक्रमहरुमा दोहोरोपना (Duplication) हुन नदिई व्यवस्थित रुपमा सञ्चालन गर्न आवश्यक मापदण्ड तर्जुमा गरी कार्यान्वयनमा ल्याईनेछ ।

**स्वास्थ्य तर्फ:**

१००. विश्वव्यापीरुपमा फैलिएको कोरोना भाइरस कोभिड-१९को नियन्त्रण रोकथाम, र कोभिड पश्चातको स्वास्थ्य हेरचाहका लागि आवश्यक कार्यक्रमहरु लागु गरिनेछ । साथै, सेती नगर अस्पताललाई१५ शैयाको अस्पतालमास्तरोन्नति गर्दै अक्सिजन प्लान्ट जडान गरी अक्सिजन आपूर्तिमा सहजता गरिने छ ।

१०१. धनगढी उप-महानगरपालिकालाई पूर्ण संस्थागत सुत्केरीयुक्त नगरपालिकाको रुपमा लैजानका लागि बर्थिङ सेन्टरलाइ बिस्तार गर्नुका साथै बर्थिङ सेन्टरमा कार्यरत दक्ष प्रसुतीकर्मीको क्षमता/दक्षता अभिवृद्धि गर्दै लगिनेछ ।ANC र PNC जाँच कभरेज बढाउनका लागि स्वास्थ्यकर्मी, महिला स्वास्थ्य स्वंय सेविकालाई परिचालन गरिनेछ। साथै,धनगढीउप-महानगरपालिकाकोफूलबारी बर्थिंग सेन्टरमाप्रसुती गराउने आमालाई प्रोत्साहन स्वरुप थप भत्ता दिईनेछ ।

१०२. खोप केन्द्र तथा गाउँघर क्लिनिकहरुबाट गुणस्तरीय सेवा प्रदान गर्नकालागि आवश्यक भौतिक पूर्वाधार , फर्निचरतथा उपकरण उपलब्ध गराइ सेवा प्रदान गर्न जाने स्वास्थ्यकर्मीलाइ उचित प्रोत्साहन गरिनेछ । साथै, धनगढी उप-महानगरपालिकालाइ पूर्ण खोप नगरपालिकाको रुपमा निरन्तरता दिइनेछ ।

१०३. PPP माध्यमबाट नागरिकलाइ बिशेषज्ञ सेवा घरदैलोमा प्राप्त हुने गरी विभिन्न स्वास्थ्य शिविर, योग शिविर र योग तालिमहरु संचालन गरिनेछ ।

१०४. **स्वास्थ्य बिमा कार्यक्रमलाई** प्रचार प्रसार मार्फत प्रवर्द्धन गर्न जनचेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ । साथै, विपन्नता तथा सीमान्तकृत दलित, अपाङ्गता, एकल महिलाका परिवारलाई स्वास्थ्य बिमा गरिनेछ ।

१०५. नगरपालिकाका **सबै वडाहरुमा आधारभुत स्वास्थ्य केन्द्रहरु स्थापना गर्ने** र केन्द्र संचालनको लागि आवश्यक जनशक्तिको व्यवस्थापन गरिनेछ ।

१०६. नीजि स्तरमा संचालित स्वास्थ्य संस्थाहरुलाई उप-महानगरपालिकामा दर्ता गरी व्यवस्थित र नियमन गर्दै लगिनेछ ।

Scanned with CamScanner

१०७. कोभिड-१९बाट संक्रमित बिरामीतथा प्रसुति सेवाको लागि बन्दाबन्दीको अवधिभरआम नागरीकलाइ नगरपालिका मित्र एम्बुलेन्स सेवा निःशुल्क रुपमा प्रदान गरिएको छ । साथै, आगामीवर्षबाटप्रसुती सेवा लिने महिलाका लागि नगरपालिका मित्र एम्बुलेन्स सेवा निःशुल्क रुपमा प्रदान गर्ने कार्यक्रमलाइ निरन्तरता दिइनेछ ।

१०८. सिकल सेल, हेमोफिलीया र थलासीमिया रोगको परिक्षण उपचार तथा प्रेषणका लागि आवश्यक कार्यक्रमहरु लागु गरिनेछ ।

१०९. जेष्ठ नागरिकहरुको निःशुल्क स्वास्थ्य चेक जाँचका लागि प्रत्येक वडामा स्वास्थ्य शिविरको आयोजना गरिने छ ।

११०. स्वास्थ्य संस्थाबाट प्रवाह भएका सेवाहरुको वार्षिक रुपमा सामाजिक परिक्षण गर्ने व्यवस्था मिलाइनेछ ।

१११. स्वास्थ्य आमा समूह सवलीकरण गर्नुका साथै आमा समुहमा **सुहत पोषण प्याकेज कार्यक्रम** लागु गरिनेछ ।

११२. स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समितिका पदाधिकारीहरु र स्वास्थ्यकर्मीहरुको योजना तर्जुमा र संस्थागत विकासका लागि क्षमता अभिवृद्धीका कार्यक्रम सञ्चालन गरिने छ । साथै, महिला स्वास्थ्य स्वयंसेविकालाईयातायात र संचार खर्च प्रतिमहिना रु. एक हजार थप प्रोत्साहनबाफत उपलब्ध गरीनेछ ।

११३. सर्ने तथा नसर्ने रोगहरुको पहिचानका लागि विषय विज्ञ मार्फत आवश्यक खोज तथा अनुसन्धानमुलक कार्यक्रम सञ्चालन गर्न पहल गरिने छ ।

११४. सर्पदंश तथा जनावरको टोकाइको उपचार व्यवस्थापन र प्रेषण सम्बन्धि स्वास्थ्य कर्मीहरुलाई तालिम दिई **सर्पदंश उपचार केन्द्र** स्थापना गरिने छ ।

११५. स्वास्थ्य संस्थाबाट उत्सर्जन हुने फोहोरमैला व्यवस्थापन कार्यक्रमलाई बिस्तार गर्दै लगिनेछ ।

११६. सुरक्षितमातृत्वर प्रजनन सुरक्षाका लागि नवदम्पतिलाई**परिवार योजना कार्ड** वितरण गर्ने कार्यक्रम लागु गरिनेछ ।

११७. आयुर्वेद स्वास्थ्य संस्थालाइ प्रत्येक वडामा बिस्तार गर्दै लगिनेछ । साथै, निःशुल्क रुपमा आयुर्वेद औषधि उपलब्ध गराई स्थानिय स्तरमा उपलब्ध हुने औषधोपयोगी जडिबुटी सम्बन्धी अभिमुखीकरण गरिनेछ ।

११८. गौरीफन्टा नाकामा औलो, कालाजार तथा अन्य महामारीजन्य रोगको स्क्रिनिङका लागि हेल्थ डेस्कलाइ थप व्यवस्थित तथा स्तरोन्नती गर्दै लगिनेछ ।

११९. स्वास्थ्य संस्थामा ग्रामीण अल्ट्रासाउण्ड कार्यक्रम, ल्याब सेवा लगायत संस्थागत क्षमता अभिवृद्धिका कार्यक्रम गर्न प्राथमिकताका साथ जोड दिईने छ ।

**महिला, बालबालीका र जेष्ठ नागरिक तर्फ**

१२०. विपन्न तथा पछाडि परेका महिलाहरुलाई महिला विकास कार्यक्रममार्फत सामुहिक रुपमा समितिमा आवद्ध गराईने छ । सामाजिक परिचालनको माध्यमबाट महिला सञ्जालका सदस्यहरुलाइ जीविकोपार्जन प्रवर्द्धन, बचत तथा सीपमूलक र नेतृत्व विकासमा क्षमता अभिवृद्धि गर्दै समितिको संस्थागत विकास गर्ने नीति लिइने छ । साथै, समूहमा आवद्ध महिलाहरुलाई सामाजिक रुपमा सशक्त, आर्थिक रुपमा आत्मनिर्भर बनाउनकालागि विभिन्न क्षमता विकासका तालिमहरु र साधन सहितको आयमूलक तालिम संचालन गरी उद्यमी बनाउने र उनीहरुको समूह गठन गरी उद्यमशीलता प्रवर्द्धन गर्ने नीति लिइने छ ।

१२१. लक्षित महिलाहरुको सशक्तिकरणकोलागि सहभागिता, समावेशीकरण, नेतृत्व विकास जस्ता कार्यमार्फत मूलप्रवाहिकरण गरी लैगिक समानता हासिल गर्ने नीति लिइनेछ । साथै, उप महानगरपालिकाको लैगिंक समानता र सामाजिक समावेशिकरण नीतिको प्रभावकारी कार्यान्वयनमा विशेष जोड दिईने छ ।

१२२. लैगिक विभेद, बालविवाह, बहुविवाह, छाउपडि प्रथा, छुवाछुत प्रथाजस्ता सामाजिक विकृति र तत् सम्बन्धमा भएका विभिन्न कानूनी व्यवस्थाहरु बारे सचेतीकरणका कार्यक्रमहरु संचालन गरिनेछ । साथै, हिंसाविरुद्ध शून्य सहनशीलताकोनीति लिईनेछ।

Scanned with CamScanner

१२३. विपदमा परेका बालबालिकाहरुको संरक्षण, स्वास्थ्योपचार र शिक्षाको व्यवस्था गर्ने तथा आर्थिक अवस्था कमजोर भएका बालबालिकाहरुका अभिभावकलाई आत्मनिर्भर बनाउने नीति लिईनेछ।

१२४. वडा तथा नगर स्तरीय बाल क्लबका सदस्यहरुलाई जीवन उपयोगी सीप तथा किशोरिकिशोरीहरुकालागि आवश्यक तालिमलाई निरन्तरता दिइनेछ। साथै,विद्यालय भित्र तथा विद्यालय बाहिर रहेका बालबालिकाहरुको संजालीकरण गर्ने र बालबालिकाको क्षमता विकास मार्फत रचनात्मक क्रियाकलापमा आवद्ध गराइने छ।

१२५. बाल क्लब मार्फत लागुऔषध दुर्व्यसनी विरुद्ध विद्यालय केन्द्रित अभियान संचालन गरिनेछ। सुर्तीजन्य तथा मदिराजन्य पदार्थमा बढेको करको ५० प्रतिशत रकम अशक्त, अपांगता भएका लागु औषध दुर्व्यसनीमा परेका र महिला हिंसामा परेका वर्गको उत्थानमा खर्च गरिनेछ। साथै, लैंगिक हिंसा, बालअधिकार हनन, बालश्रम जस्ता कानूनी अपराधको न्यूनीकरणकोलागि अनुगमन कार्यलाई तिव्रता दिदै निरोधात्मक तथा उपचारात्मक कार्य संचालनमा प्राथमिकता दिइने छ।

१२६. ज्येष्ठ नागरिकहरुको संजालीकरण गर्ने, सम्मानपूर्वक जीवनयापनका लागि **दिवा सेवा केन्द्र** संचालन गर्ने एउनीहरुमा रहेका ज्ञान, सीपहरु पुस्तापुस्तामा हस्तान्तरण हुने क्रियाकलापहरु संचालन गर्ने नीति लिइनेछ।

१२७. अपांगता भएका व्यक्तिहरुको वडास्तरीय संजाल बनाउदै उनिहरुको क्षमता विकास मार्फत सहभागिता अभिवृद्धि गरिने छ। अपांगता भएका व्यक्तिहरुको पहुँचअभिवृद्धिकालागि अपांगता मैत्री सूचना प्रवाह, अपांगता मैत्री भौतिक संरचना र सहायक सामाग्रिको व्यवस्था गर्ने नीति लिईनेछ। साथै, पुर्ण अशक्त अपांगता भएका र असहाय व्यक्तिहरुको लागि घरमै गएर परिचयपत्र वितरण गर्ने तथा अन्य सेवा सुविधाका लागि पहल गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

**संस्कृति प्रवर्द्धन तर्फ:**

१२८. नगर क्षेत्र भित्रका ऐतिहासिक तथा पुरातात्विक महत्वका क्षेत्रहरुको खोज, अन्वेषण, संरक्षण तथा विकासमा जोड दिने नीतिलाई निरन्तरता दिईनेछ।

१२९. बहुल संस्कृति एवम् सम्प्रदाहरुको संरक्षण, मौलिक संस्कृतिको जगेर्ना, सांस्कृतिक पर्यटन प्रवर्द्धन र सबै समुदायको धार्मिक एवम् सांस्कृतिक मुल्य मान्यताको अभिबृद्धि गर्ने नीति लिईने छ।

**ग) पूर्वाधार विकास तर्फ**

**"समृद्धिको मुल आधार : गाउँ नगर सडक विस्तार"** को मूल नीति सहितग्रामिण क्षेत्रको पूर्वाधार विकासलाई उत्पादनमूलक र स्थानीय अर्थतन्त्रसँग जोड्न सार्वजनिक नीजि साझेदारीका आधारमा विकास योजनाहरु सञ्चालन गर्ने नीति लिईने छ।

१३०. नगर क्षेत्र भित्रका सडक लगायतका पूर्वाधारहरुको नियमित रुपमा मर्मत-सम्भार तथा स्तरोन्नति गरिने छ। साथै, शहरी सडक निर्माण गर्दा पक्कि नाली निर्माणलाई प्रथम प्राथमिकतामा राखी फुटपाथ सहितको शहरी सडक निर्माण गर्ने कार्यलाई निरन्तरता दिईनेछ।

१३१. नगर यातायात गुरुयोजना (Municipal Transport Master Plan-MTMP)लाई अद्यावधिक गरी सो अनुसार प्राथमिकरण गरिएका सडकहरुको विस्तार एवम् स्तरोन्नति गर्ने कार्यलाई निरन्तरता दिईनेछ। साथै, विभिन्न सडक संजाल जोड्नका लागि पक्कि पुल आवश्यक पर्ने ठाउँहरुमा पक्कि पुल निर्माणका लागि साझेदारीमा संचालन हुने गरी सङ्घीय/प्रदेश सरकार सँग आवश्यक पहल गर्ने र पैदल मार्गका लागि खोला/नदीहरुमा झोलुंगे पुल निर्माण कार्यलाई निरन्तरता दिईनेछ।

१३२. ६ लेन सडकका कारण वर्षायाममा वडा नं. २,३,४ र१,३मापर्न जाने डुवान समस्यालाई न्यूनीकरण गर्नपानी निकासका लागि नाला निर्माणकोकार्य गरिनेछ। साथै, सो कार्यमा सङ्घीय सरकार, प्रदेश सरकार तथा अन्य दातृ निकायहरुलाई समेत पहल गरि ६ लेन सडकको दायाँबायाँको पानी निकास गर्ने ठोस पहल गरिनेछ।

१३३. रणनीतिक सडकहरुलाई 'Traffic Load'अनुसार Design गरी Cycle Track सहितको सडक निर्माण गरिनेछ।

Scanned with CamScanner

१३४. उप-महानगरपालिकाको धनगढी-फुलबारी सहित अन्य क्षेत्रमा नगर बस सेवा संचालन गर्नका लागि निजि क्षेत्रसँग सहकार्य गरे विधुतीयबस सेवा संचालनका लागि सम्भाव्यता अध्ययन गरिने छ ।

१३५. धनगढी उप-महानगरपालिकाको सुविधा सम्पन्न कार्यालय भवन आ.व. ०७८/०७९ मा निर्माण सम्पन्न गरिनेछ। साथै, आफ्नै वडा कार्यालय भवन नभएका जम्मा ३ वटा वडाहरुको वडा कार्यालय भवन निर्माण प्रक्रिया अगाडी बढाइने छ ।

१३६. अपाङमैत्री भवन निर्माण, बालमैत्री भवन निर्माण र Child Care Center बनाउन आवश्यक पहल गरिनुका साथै शिशु स्तनपान कक्ष सहितको भवन निर्माण गर्ने नीतिलाई निरन्तरता दिईनेछ ।

१३७. १० लाख सम्म लागत अनुमान भएका योजनाहरुको सम्झौता र अनुगमन गर्ने कार्य वडा कार्यालयबाटै हुने व्यवस्थाको सुरुवात गरिनेछ ।

१३८. आवधिकयोजनातयार गरि नगरपालिकामा योजना बैंक (Project Bank) को स्थापना गरि लागु गर्ने र मध्यकालीन खर्च संरचना बनाई कार्यक्रम र बजेट जोड्ने प्रकियाको थालनी गरिनेछ ।

१३९. यस नगरपालिका क्षेत्र भित्र निर्माण हुने भवनहरुमा सौर्य उर्जा प्रविधि तथा बर्षातको पानी संकलन प्रविधि (Rain Water Harvesting) जडान गर्नका लागि प्रोत्साहन गरिनेछ ।

१४०. सङ्घीय सरकार तथा प्रादेशिक सरकार सँग समन्वय गरि धनगढी स्थित फाप्ला क्रिकेट मैदानलाई अन्तर्राष्ट्रिय स्तरको क्रिकेट मैदान बनाउन पहल गरिनेछ ।

१४१. नगर क्षेत्र भित्र सडक किनारमा रहेका निजी स्वामित्वका भौतिक संरचनाहरुको केहि भाग सडक विस्तारका क्रममा सडक अधिकारक्षेत्र भित्र पर्न गएका भौतिक संरचनाहरु स्वयं घरधनीले भत्काएमा उक्त घरधनीको भवन नक्सा पास शुल्क तथा एक आ.व. कोसम्पतिकर मिनाहा गरिनेछ । त्यस्ता घरधनीहरुको सम्मान सहित घरको मोहडामा हरित रंगरोगन समेत गरिदिने व्यवस्थालाई निरन्तरता दिईनेछ ।

१४२. धनगढीको गेटामा रहेको विमानस्थललाई अन्तर्राष्ट्रिय विमानस्थलका रुपमा निर्माण तथा संचालन गर्न सङ्घीय सरकार तथा प्रादेशिक सरकार सँग पहल गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

१४३. नगरपालिकाको विभिन्न वडाहरुमा निर्माणाधीन जम्मा १० वटा शहरी स्वास्थ्य केन्द्र भवन निर्माणको काम आ.व. ०७८/०७९ मा सम्पन्न गरि शहरी स्वास्थ्य केन्द्र संचालनमा ल्याईनेछ साथै शहरी स्वास्थ्य केन्द्र भवन नभएका वडाहरुमा भवन निर्माणको कार्य सुरु गरिनेछ ।

१४४. धनगढी-५ बेली, धनगढी-१९ फुलबारी र धनगढी-१६ घसिटामा अवस्थित शहरी स्वास्थ्य केन्द्र भवनको स्तरोन्नति गरि १५ शैयासम्मको अस्पताल निर्माणका लागि आवश्यक पूर्वाधार निर्माण गर्ने कार्यलाई अगाडि बढाइनेछ ।

१४५. भौतिक पूर्वाधार अपुग भएका विद्यालयहरुमा विद्यालय भवन, शौचालय, खेलकुद मैदान लगायत पूर्वाधार निर्माण कार्यलाई निरन्तरता दिईनेछ ।

१४६. धनगढी -३, पुरानो बजारमा रहेका पुराना भवनहरु भत्काई नयाँ व्यापारिक भवन निर्माण गरिनेछ ।

१४७. LNचोकको Traffic Volume लाई व्यवस्थापन गर्न Main Road बाट त्रिनगर स्कुल र लक्ष्मी नारायण मन्दिर बीच ट्रयाक खोलि पक्कि सडक निर्माण गरिनेछ ।

१४८. बसपार्क टर्मिनल भवनमा "Tourism Information Desk" को स्थापाना गरिनेछ ।

**बस्ती विकास तथा भवन नक्सा पास तर्फ:**

१४९. घर/भवनको नक्सा पास गर्दा साइट प्लानमा उल्लेख भएको सडक अधिकार क्षेत्र (Right of Way)अनुसार बाउन्ड्री वाल सहितको नक्सा तथा ठूला व्यवसायिक भवन हरुमा अन्डरग्राउण्ड पार्किंग सहितको नक्सा पास गर्ने व्यवस्थालाई अनिवार्य गरिनेछ ।

Scanned with CamScanner

१५०. भवन संहिता अनुसार निर्माण नभएका एकतले घरका हकमा तला थपको स्वीकृत दिंदा सो पूर्व निर्मित तलाको सबलीकरण (Retrofitting)गरि प्राविधिक प्रतिवेदन बमोजिम स्वीकृति दिने व्यवस्थालाई निरन्तरता दिईनेछ ।

१५१. नक्सा पास गर्दा विद्युतीय नक्सा पास प्रक्रिया (Electronic Building Permit System) को माध्यमबाट अगाडी बढाइने छ ।

१५२. जग्गा विकास कार्यक्रम (Land Pooling System) संचालनका लागि जमिनको खोजि गरि सुविधा सम्पन्न आवास योजना कार्यान्वयनका लागि क्षेत्रीय शहरी विकाश आयोजना (RUDP) कार्यक्रम सँग समन्वय गरि कार्यान्वयन गर्ने कार्यलाई निरन्तरता दिईने छ ।

१५३. नगरपालिका भित्र संचालन हुने घरजग्गा खरिदबिक्रि व्यवसायलाई व्यवस्थित गर्न कानूनि रुपमा व्यवसाय दर्ता गरेर मात्र संचालन गर्न अनुमति दिईनेछ र अनाधिकृत रुपमा जग्गा प्लटिंग गर्ने कार्यलाई पूर्ण रुपमा निषेध गरिनेछ ।

१५४. धनगढी उप-महानगरपालिकामा निर्माण हुने योजनाहरुको गुणस्तर चेकजाँच गर्नका लागि व्यवस्थित **Engineering Lab**को स्थापना गरिनेछ । स्वच्छ

१५५. स्वच्छखानेपानी नपुगेका बस्तीहरुमा गहोरो नल्का(HandPump)जडान गरीनेछ। साथै,सार्वजनिक सौचालय निर्माण गर्नका लागि जग्गाको व्यवस्थापन गरि सौचालय निर्माण गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

१५६. धनगढीका विभिन्न स्थानहरुमा चल्ने अटो रिक्सा व्यवस्थित रुपमा संचालन गर्न निशित स्थानमा चढ्ने/ओराल्ने क्षेत्रको निर्धारण सहित व्यवस्थित पार्किङ्गको व्यवस्था गरिनेछ ।

**घ) वन, वातावरण तथा विपद् व्यवस्थापन तर्फ:**

सार्वजनिक नीजि साझेदारीका आधारमा नगरलाई स्वच्छ, स्वस्थर हरित नगरकारुपमा स्थापित गर्ने कायलाई निरन्तरता दिईने छ । साथै,सामुदायिक वन, उपभोक्ता समूह र नीजि वन विकास/संरक्षण कार्यलाई प्रोत्साहीत गरिने छ ।

नगर र वडास्तरमा विपद व्यवस्थापन कोष लाई प्रभावकारीरुपमा अगाडी बढाउने कार्यलाई निरन्तरता दिईने छ । साथै, सम्भावित जोखीम क्षेत्रमा विपद् जोखिम न्युनीकरणकालागि विपत् पूर्व सूचना प्रणाली स्थापनाकागर्न संघ र प्रदेश सरकार सँगथप समन्वय र सहकार्य गरिने छ ।

**वन तथा वातावरण तर्फ:**

१५७. नगरभित्रको वन सम्पदालाई जगेर्ना गर्दै स्वच्छ, स्वस्थ र हरित नगरकारुपमा विकसीत गरिने छ ।

१५८. वडा नं.४,५,६ र १३ मा रहेका सामुदायिक वन भित्रबाट बग्ने कैलाली खोला सहितको क्षेत्रलाई संरक्षण गरि सामुदायिक वनलाई स्थानीय उद्यान बनाईनुका साथै पर्यटकीय क्षेत्रका रुपमा विकास गर्न, त्यसको वरिपरी साइकल ट्र्याक निर्माण गर्न विस्तृत अध्ययन प्रतिवेदन (DPR) तयार गरिनेछ ।

१५९. फोहरलाई स्रोतमै वर्गीकरण गरि संकलन र अन्तिम व्यवस्थापन गरिनेछ । जैविक फोहरबाट घरमै कम्पोस्ट मल बनाउन प्रेरित गर्दै प्रांगारिक खेतीलाई प्रोत्साहीत गरिने छ ।

१६०. नगर क्षेत्र भित्र संचालन गरिने योजनाहरुको संक्षिप्त वातावरणीय अध्ययन, प्रारम्भिक वातावारण परीक्षण, वातावारण प्रभाव मूल्यांकन अनिवार्य रुपमा गर्नु पर्ने व्यवस्था मिलाईनेछ ।

१६१. वातावरणीय सूचकको अध्ययनको लागि **Environmental Lab**को आवश्यकता पर्ने भएकोले निजी क्षेत्रसँगको सहकार्यमा उक्त Lab स्थापनाको लागि पहल गरिनेछ ।

१६२. नगर भित्रका ग्रामिण क्षेत्रहरुमा वैकल्पीक उर्जा प्रवर्द्धन गर्ने नीति अवलम्बन गरिने छ ।

१६३. वातावरण संरक्षण तथा स्वस्थ जीवनशैली प्रवर्द्धनगर्ने उद्देश्यलेहरेक हप्ताको शनिबार एक दिन साईकल चलाउन नगरबासीलाइ प्रोत्साहन गरिनेछ।

Scanned with CamScanner

**जोखीम न्यूनीकरण र विपद व्यवस्थापन तर्फ:**

१६४. फोहरमैला व्यवस्थापन, विपद व्यवस्थापन जस्ता विषयलाई स्थानीय भाषाको पाठ्यक्रममा समावेश गर्न जोड दिईने छ।

१६५. आगलागि जन्य संकट व्यबस्थापन तथा दुर्घटना नियन्त्रणकोलागि बारुणयन्त्र सेवालाई चुस्त दुरुस्त बनाई राखिनेछ।

१६६. Local Disaster and Climate Resilient Plan- LDCRP बनाइनेछ र विपद पूर्व तयारी प्रतिकार्य योजना (DPRP) अद्यावधिक गरिनेछ।

१६७. सडक क्षेत्रमा अनुचित ढंगले राखिएका निर्माण सामाग्रीका कारण आवागमनमा अवरोध हुने र दुर्घटना समेत हुनसक्ने हुँदा त्यस्तो ब्यक्ति तथा निर्माण व्यवसायीलाई कारवाहीको दायरामा ल्याईनेछ

१६८. वर्षातमा हुने डुबान समस्यालाई कम गर्न नालाहरु सरसफाईको व्यवस्था मिलाईने छ। साथै, पानी Channelize गर्ने व्यवस्था मिलाइनेछ।

१६९. विपद पुर्व तयारीका लागि सूचनामुलक सन्देश तयार गरी सूचना तथा संचारका माध्यमहरुबाट सम्प्रेषण गरिने छ।

१७०. मुख्य शहरी क्षेत्रलाई सुन्दर र व्यवस्थित गर्नका लागि पार्किङ्ग स्थलको व्यवस्था गर्न ट्राफिक व्यवस्थापन लाई थप प्रभावकारी बनाईने छ। हालनगरकादुई वटा स्थानमा पार्किङ्ग स्थल संचालित रहेकोमा अन्य स्थानमा समेत पार्किङ्ग स्थलको निर्माण गर्ने कार्य थालनी गरिने छ।

१७१. फोहर प्रशोधन केन्द्रका लागि आवश्यक जग्गा खरिद गरी क्षेत्रीय शहरी विकास आयोजनाको सहयोगमा उक्त प्रशोधन केन्द्रको निर्माण कार्यलाई अगाडी बढाईने छ।

१७२. नगर क्षेत्र भित्रका सडक दुर्घटनाका क्षेत्रको पहिचान गरि सम्भावित जोखीम न्यूनीकरण गर्न विभिन्न उपकरण तथा संकेतहरु जडान गरिने छ।

१७३. सार्वजनिक भौतिक संरचनाहरु निर्माण गर्दा संवेदनशीलताको आधारमा जेष्ठ नागरिक, लैंगिक, अपांगता एवम् बालमैत्री बनाइने नीति लिईने छ।

१७४. सिनेमा हल, सपिंग मल, डिपार्टमेण्टल स्टोर, फर्निचर उधोग, अस्पताल लगायत बढी भिडभाड हुँने स्थानमा अग्नि नियन्त्रक यन्त्र राख्ने व्यवस्था लागु गरिने छ।

१७५. सबै वडाहरुमा अनिवार्य विपद व्यवस्थापन कोषको स्थापना गरी कोष सञ्चालन ल्याईएकोमा यसलाई थप व्यवस्थित गर्दै लगिनेछ।

**ङ) सुशासन तथा संस्थागत विकास तर्फ**

सार्वजनिक सेवालाई पारदर्शी, जवाफदेही, दिगो र परिणाममुखी बनाउदै नागकिलाई सूचना, सेवा र अवसरमा विभेदरहित पँहुच अभिवृद्धि गर्न अधिकतमरुपमा विद्युतीय सूचना प्रणाली (E-Governance) को नीति अबलम्बन गरिनेछ। साथै, जनप्रतिनिधि र कर्मचारीहरुको प्रभावकारी कार्यसम्पादनका लागि आवश्यक विषयगत र क्षेत्रगत क्षमताको विश्लेषणमार्फत संस्थागत सुशासन कायम गर्ने गर्ने मूल नीति लिईने छ।

**संस्थागत क्षमता तथा मानव संसाधन विकास तर्फ:**

१७६. नगर प्रहरी परिचालन तथा व्यवस्थापन सम्बन्धि आवश्यक ऐन र कार्यविधि बनाई लागू गरिने छ।

१७७. उपमहानगरपालिकाको संस्थागत स्व-मुल्यांकनका आधारमा राम्रा अभ्यासलाई निरन्तरता दिदै क्षमता विकास योजनाका आधारमानिर्वाचित जनप्रतिनिधिहरु तथा कर्मचारीहरुको क्षमता अभिवृद्धि गर्न विभिन्न तालिम तथा अभिमुखीकरण कार्यक्रम संचालन गरिनेछ। साथै,प्रशासनिक कार्यको अनुभव आदान-प्रदान गर्न राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरको अवलोकन भ्रमणको व्यवस्था गरिने छ।

१७८. राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संघ संस्थाहरुसँग सहकार्य गरि संस्थागत सुशासन र मानव संसाधन विकासका कार्यक्रम संचालन गरिनेछ। सेवा प्रवाहमा थप सहजता गर्न सहायता कक्ष स्थापना गरि संचालनमा ल्याईनेछ।

Scanned with CamScanner

१७९. सार्वजनिक स्रोतको उपयोगलाई प्रभावकारी बनाउन जोखिम विश्लेषणमा आधारित लेखा परीक्षण पद्धतिमा जोड दिईने छ।

१८०. उपमहानगरपालिकाले प्रदान गर्ने सेवा प्रवाह, आर्थिक व्यवस्था, जनसंख्या र भूगोल समेतलाई विश्लेषण गरि संगठन तथा व्यवस्थापन सर्वेक्षण (O&M) कार्यलाई अगाडी बढाइने छ।

१८१. लागत न्यूनीकरण, स्रोत साधनको अधिकतम उपयोग तथा प्रभावकारी सेवा प्रवाहका लागि आवश्यकता अनुसार अन्य गाउँपालिका तथा नगरपालिकाहरुसँग लागत साझेदारी, सम्झौता तथा संयुक्त व्यवस्थापनमा कार्यहरुको थालनी गरिनेछ।

१८२. उप-महानगरपालिकाको सेवा प्रवाहमा गुणात्मक तथा परिमाणात्मक सुधारका लागि सबै विषयगत शाखा/महाशाखालाई साधन स्रोतयुक्त बनाउँदै लगिने छ। साथै, संस्थागत स्मरण (Intuitional Memory) लाई थप बलियो पार्दै लगिने छ।

१८३. नगरपालिकामा कार्यरत कर्मचारीलाई दिदै आएको सेवा सुविधा लाई निरन्तरता दिईने छ। साथै, आन्तरिक पर्यटन प्रवर्द्धनका लागि संघिय सरकारको नीति र व्यवस्था बमोजिम एकरुपता हुनेगरि उप-महानगरपालिकाका कर्मचारीहरुलाई सोही अनुसारको सेवासुविधा प्रदान गरिने छ।

**प्रशासन सुधार तर्फः**

१८४, उप-महानगरपालिकाको समग्र प्रशासन सुधार तथा गतिशील प्रशासन संयन्त्र विकासकालागि नेपाल सरकारले जारी गरेका प्रशासन सुधार सम्बन्धी विभिन्न सुझावहरु लगायत विश्व परिवेशमा विकसित नवीन प्रशासकीय आयामहरुलाई स्थानीयस्तरमा आन्तरिकरण गरि स्वच्छ, सबल र पारदर्शी जनप्रशासन विकासको नीति अवलम्बन गरिनेछ।

१८५. कर्मचारी प्रशासनलाई चुस्त, दुरुस्त बनाउन समय सापेक्ष जनशक्ति तयार गर्ने निति लिइने छ ।साथै,संगठन संरचना तयार गरि स्पष्ट कार्यविवरण ( Job Description) सहित कर्मचारीहरुको व्यवस्थापन गरिने छ।

१८६. सेवा करारमा कार्यरत कर्मचारीहरुको कामको प्रकृति हेरी सेवा सुविधामा एकरुपता कायम गरिने छ।

१८७. सदाचार नीतिलाई प्रर्वद्धन गरिनेछ। भ्रष्टाचार निर्मुल गर्न शून्य सहनशिलताको नीति अवलम्बन गरिने छ।

१८८. प्रत्येक वडा कार्यालयहरुलाई वडा प्रशासन संचालन गर्नको लागि रु. ५ लाखको दरले प्रशासनिक खर्च उपलब्ध गराईने छ।

**कानूनी मामिला तथा न्यायीक निरुपण तर्फः**

१८९. न्यायमा सहज पहुँच अभिवृद्धिका लागि न्यायीक समितिको क्षमता विकास गरिने गरीन्यायमा सहजपहुँच स्थापित गर्न कानूनी ज्ञान एवम् सचेतना अभिवृद्धिका कार्यक्रमहरु सन्चालन गरिने छ । साथै, न्यायमा पहुँच अभिबृद्धि गर्न समुदायस्तरमैमेलमिलापकेन्द्र स्थापना गरी थप व्यवस्थित गरिनेछ।

१९०. **"न्याय सम्पादन ढिलो हुनु, न्याय नपाउनु सरह हो"** भन्ने न्यायको सिद्धान्तलाई अँगिकार गर्दै धनगढी उपमहानगरपालिका न्यायिक समितिबाट छिटो, छरितो र पारदर्शिरुपमा न्याय सम्पादन गर्ने कार्यलाई विशेष जोड दिइने छ।

१९१. नेपालको संविधानको धारा २१७ बाट प्रदत्त स्थानीय तहको न्यायिक अधिकार अन्तर्गत धनगढी उपमहानगरपालिका न्याय प्रणालीलाई स्वतन्त्र, पारदर्शि, पहुँच योग्य, सक्षम एवम् विश्वसनिय बनाइने छ।

१९२. धनगढी उपमहानगरपालिकाबाट हुने न्यायिक कामकाजलाई प्रविधि सँग आवद्ध गरि व्यवस्थित गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

**योजना कार्यान्वयन तथा बजेट परिचालन तर्फः**

१९३. नगरको एकिकृत, सन्तुलित, दिगो र योजनाबद्ध विकासकालागि मध्यकालीन खर्च संरचना सहितकोपहिलो पन्च वर्षीयआवधिक योजना (२०७९/०८०–२०८३/०८४) तर्जुमा गरिने छ। साथै, आर्थिक विकास योजना निर्माण गरिने छ र नगरको बृहत आर्थिक, सामाजिक र मानवीय विकासका लागि रणनैतिक महत्वका परियोजना सहित **"Capital Investment Plan"**तयार गरि लागु गरिने छ।

Scanned with CamScanner

१९४. नगरबासीको स्थानीय सरकार प्रतिको बढ्दो आकांक्षा एवम् जनविश्वास र बदलिंदो परिवेशसँगै नगरभित्र निर्माण/सञ्चालन हुने सबै प्रकारका योजना, कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनको दरिलो आधार निर्माण गर्दै यस धनगढी उप-महानगरपालिकालाई पूर्वाधारको हिसावले सक्षम, सामाजिक सुरक्षाको हिसावले समतामूलक र सेवा प्रवाहको हिसाबले सुशासनयुक्त बनाउनसबै खाले योजना निर्माण तथा कार्यक्रम संचालन गर्दा त्यसको गुणस्तरीयता (Quality), वातावरणिय अनुकुलता (Environmental Adaptation) , सामाजिक न्याय (Social Justice)र दिगो एवम् सन्तुलित विकास (Sustainable and Balanced Development) लाई प्रथम प्राथमिकतामा राखि अधिकतम् प्रतिफल दिने योजना/कार्यक्रमकाई छनौट गर्ने नीति अबलम्बन गरिनेछ . ।साथै,उप महानगरपालिकाले संचालन गरेका अधुरा योजनालाई प्राथमिकता राखी कार्यान्वयनमा ल्याईनेछ । साथै, योजनाDuplication नहुँनेगरीकार्यान्वियन हुने व्यवस्था मिलाईनेछ।

१९५. सार्वजनिक खरिद योजनालाई पारदर्शी, मितव्ययी र प्रतिस्पर्धात्मक बनाउँदै संस्थागत सुशासन कायम गर्न निर्माण व्यवसायी तथा उपभोक्ता समितिहरुको प्राविधिक तथा आर्थिक क्षमता, पूर्व कार्यसम्पादन स्थिति, कामको गुणस्तर र समयावधि, कार्यान्वयनमा रहेका योजनाहरुको ठेक्का सम्झौता र कार्यान्वयनको स्थिति सहितको विद्युतीय प्रोफाईल तयार गरि संचालनमा ल्याईनेछ ।

१९६. उप-महानगरपालिकाको सन्तुलित, दीगो र समतामूलक विकासको लागि नविन उपायहरुको खोज, अन्वेषण गर्ने अभिप्रायले शोध तथा अनुसन्धानमूलक कार्यलाई प्रोत्साहन दिनुका साथै योजनाविद, वैज्ञानिक, अर्थाशास्त्री , समाजशास्त्री, मानवशास्त्री तथा भाषिक प्राज्ञ सहितकोनगर विकास योजनालाई अगाढी बढाइनेछ।

१९७. नगरपालिकाको आवश्यकता र प्राथमिकताको आधारमा सङ्घीय कानून बमोजिमका मापदण्ड पुरा गरी आन्तरिक तथा वैदेशिक सहायता लिने नीति अवलम्बन गरिने छ । साथै, विदेशी नगरका शहरहरुसँग भगिनी सम्बन्ध स्थापना तथा विस्तार गर्ने, अनुभव आदान प्रदान गर्ने र सो को माध्यमबाट वैदेशिक लगानी आकर्षण गर्ने नीति अबलम्बन गरिने छ ।

१९८. उपभोक्ता समिति मार्फत संचालन हुने आयोजनाहरु मध्ये कालोपत्रे/पक्कि सडक निर्माण तथा मर्मत कार्यमा जनसहभागिताको लागत साझेदारीको अनुपात कम्तिमा ८०:२० रहने, ग्राभेल/माटो फिलिंग जस्ता कार्यमा जनसहभागिताको लागत साझेदारीको अनुपात कम्तिमा ७०:३० रहने र तटबन्धन, इट्टा वा ढुंगाबाट भवन/पर्खाल निर्माणमा जनसहभागिताको लागत साझेदारीको अनुपात न्यूनतम ९०:१० रहने गरि योजना निर्माण गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

१९९. नगर क्षेत्रभित्र सञ्चालन हुने सबै विषयगत तथा क्षेत्रगत योजना/परियोजना/कार्यक्रमहरूको निर्धारित गुणस्तर, मापदण्ड र समय सिमाको सुनिश्चितता गर्न, सम्भावित जोखिम र त्यसले पार्न सक्ने प्रभाव लेखाजोखा गरी समयमा नै क्षती न्यूनिकरण पूर्व तयारी गर्न, विकास निर्माणसँग सम्बन्धित सबै सरोकारवालालाई अनुशासित, मर्यादित, जिम्मेवार र कर्तब्यनिष्ठ बनाउन, आर्थिक अनुशासन र वित्तीय पारदर्शिता कायम राख्दै बढीभन्दा बढी लागत प्रभाकारिता (Best Value for Money) कायम गर्न योजनाको ल्याब परीक्षणरअनुगमन तथा मूल्याङ्कन प्रणालीलाई थप प्रभावकारी बनाईंदै लगिनेछ ।

२००. आर्थिक वर्षको अन्त्य र मध्यतिर योजना/कार्यक्रम परिवर्तन गर्ने तथा बजेट रकमान्तर गर्ने कार्यलाई निरुत्साहीत गरिने छ । साथै, योजना/कार्यक्रम परिवर्तन/संशोधन गर्दा साविकको योजना/कार्यक्रमको प्रभावकारीता भन्दा कम प्रतिफल दिने योजना/कार्यक्रमहरुलाई परिवर्तन गर्न नपाईने नीति अवलम्बन गरिने छ ।

२०१. अव्यवस्थित पार्किङ गर्ने, प्लास्टिक बालेर प्रदूषण गर्ने, जथाभावी सडकको भित्तामा लेख्ने तथा पम्पलेट टाँस्ने, फुटपाथमा ढेला/पसल संचालन गर्ने, छतको पानी सडकमा फाल्ने, सौचालयको ढल नालीमा मिसाउने, सडकमा अव्यस्थित रुपमा निर्माण सामाग्री राख्ने र ध्वानी प्रदूषण जस्ता क्रियाकलापलाई पूर्ण निरुत्साहित गरिनेछ । साथै, सडकमा उच्च गति नियन्त्रणका लागि बजार क्षेत्रमा"Speed Limit" नियन्त्रक सूचकहरु राखिनेछ ।

२०२. भुक्तानी प्रक्रिया तथा योजनाको गुणस्तर अभिबृद्धि गर्न उपभोक्ता समितिका पदाधिकारीलाई अभिमुखीकरण तालिमलाई निरन्तरता दिईनेछ ।

Scanned with CamScanner

**उपभोक्ता हित संरक्षण तथा बजार अनुगमन तर्फ :**

२०३. उपभोक्ता हित संरक्षण र प्रवर्द्धनको लागि उपभोक्ता र विभिन्न पेशा व्यवसायीहरुलाई उपभोक्ता हित सम्बन्धी ऐन,कानूनका विषयमा जानकारी तथा चेतनामूलक कार्यक्रम सञ्चालन गरिने छ। खाद्य प्रविधि तथा गुणनियन्त्रण विषयका विशेषज्ञ सहित महिनाको एक पटक बजार अनुगमन गर्ने व्यवस्थालाई निरन्तरता दिइने छ।

२०४. व्यबसाय दर्ता नगरेका व्यवसायीलाई उप-महानगरपालिकामा व्यवसाय दर्ता गर्ने तथा व्यवसाय दर्ताको अनुगमन कार्यमा निरन्तरता दिइनेछ।

**भूमि व्यवस्थापन तथा जग्गा प्रशासन तर्फः**

२०५. भुमिहिन दलित,सुकुम्वासी र अब्यबस्थित बसोवासको लगत संकलन भएका जग्गाको नाप नक्सा तथा प्रमाणीकरण गराई जग्गा धनी प्रमाण पुर्जा दिने कार्यलाई अगाडी वढाईने छ।

२०६. एकिकृत भू-उपयोग नीति अवलम्बन गरि संघिय सरकारसँगको सहकार्यमा प्रत्येक वडामा **भू-सेवा केन्द्र स्थापना** गर्न पहल गरिने छ। साथै, एकीकृत भू-उपयोग नीति अन्तर्गत मुक्त कमैया, सुकुम्बासी र अव्यवस्थित रुपमा बसोबास गर्दै आइरहेका व्यक्तिहरुको लगत संकलन गरि नगर भित्रको सार्वजनिक, सरकारी, पर्ती जग्गाको अभिलेखीकरण गर्ने कार्यलाइ निरन्तरता दिईनेछ।

२०७. भूमिको संरक्षण र संवर्द्धनका लागि भूमि खण्डीकरणमा रोक लगाउँदै कृषियोग्य जमिनको संरक्षण गरिने छ। साथै, भूमि उपयोग बिहिन रहने स्थितिको अन्त्य गर्दै नगरभित्रका उपयोग विहिन जग्गाहरुको पहिचान गरि लगत राखी सार्वजनिक हितको क्षेत्रमा प्रयोग गर्ने नीति अवलम्बन गरिने छ।

२०८. नगरभित्र रहेका सार्वजनिक, ऐलानी/पर्ती जग्गा खोजी गरि अनाधिकृत सार्वजनिक जग्गा अतिक्रमणलाई कडाईका साथ रोकिने छ।

**आन्तरिक लेखा परीक्षण र वित्तिय सुशासन तर्फः**

२०९. पुँजीगत शिर्षक तर्फको बजेटको पूर्व आ.ले.प. गरिने छ। साथै, चौमासिक रुपमा आन्तरिक लेखा परिक्षण गरि प्रतिवेदन पेश गरिने छ।

२१०. लेखा परीक्षणका विद्यमान प्रावधानकाबारेमा सरोकारवालाहरुलाई अनुशिक्षण दिइने कार्यलाई निरन्तरता दिईनेछ।

**राजस्व परिचालन तर्फः**

कोभिड-१९ को महामारीबाट उत्पन्न आर्थिक, मानवीय र स्वास्थ्यजन्य संकटका कारण सिथिल भएको आर्थिक क्रियाकलापलाई पुनःगतिशिल बनाउन आर्थिक गतिविधि बढाउने, उद्योग, व्यापार, कृषिमा लगानी बढाउन सहयोग पुग्ने गरीआमकरदाता, नागरिक र लगानीकर्ताले अपेक्षा गरेको व्यवहारिक कर प्रणालीलाई आत्मसाथ गर्दै राजश्वचुहावटलाई पूर्ण नियन्त्रण गर्ने नीति अवलम्बन गरिनेछ।

२११. स्थानीय तहको वित्तिय अधिकार सम्बन्धी व्यवस्थाको पूर्णरुपमा पालना गर्दै वित्तिय प्रशासन सुधारका लागि व्यावसायिक, दक्ष र सुदृढ प्रशासनको विकास गर्ने र राजश्व परिचालनका दायरा बढाउन राजश्व सम्बन्धि अध्ययन गरिने छ। करका दायरा फराकिलो गरी न्युनतम करको दरबाट अधिकतम राजश्व संकलन गर्ने नीति लाई निरन्तरता दिईने छ।

२१२. उत्पादनमुलक तथा व्यवसायिक, निर्माण व्यवसायी र अन्य कुनै पनि आर्थिक क्रियाकलापमा सहयोग पुग्ने गरी स्थानीय तहबाट प्रदान गरिने ईजाजत तथा दर्ता प्रणालीलाई सरल रुपमा प्रदान गरिने छ।

२०५. मनोरन्जन करलाई आ.व. २०७८/०७९ देखि नियमित र व्यवस्थितरुपमा संकलन गर्न बिक्री भएको टिकटको आधारमा मनोरन्जन कर लिने नीति अंगिकार गरिने छ। विगत वर्षहरुको मनोरन्जन कर पनि यही प्रणाली बाट असुल उपर गरी मनोरन्जन करको बक्यौता उठाईने छ।

२०६. घर वहाल कर संकलन गर्न आन्तरिक राजश्व कार्यालयसँग समन्वय र सहकार्य गरी दुबैको सहयोगमा आन्तरिक राजश्व कार्यालयमा सहायता कक्ष स्थापना गरि घरवहाल कर उठाउने कार्यलाई व्यवसायिक कर उठाउने प्रणाली सँग आवद्ध गरिने छ। घर वहाल कर१० प्रतिशत लाई निरन्तरता दिईनेछ।

Scanned with CamScanner

२०७. सम्पति कर, मालपोत कर तथा भूमिकरलाई समय सापेक्ष बनाउदै वडास्तरबाटै राजश्व संकलन कार्यलाई निरन्तरता दिईने छ । साथै, आम करदाताले सहज , छिटो र गुणस्तरिय सेवाकालागि घरबाटै कर तिर्न सक्ने अनलाई भुक्तानी प्रणाली **(Online Payment System)** यसै आ. व. बाट लागु गरिने छ ।

२०८. प्राकृतिक श्रोत तथा खनिजजन्य सामाग्रीको बिक्री दर निर्धारण गरी नगरपालिका क्षेत्र भित्र पर्ने नदी तथा सार्वजनिक स्थलबाट बालुवा, ग्राभेल, माटो र ढुंगा उठाउने कार्यलाई लाई दिगो वातावरण मैत्री बनाउदै राजश्व परिचालनको प्रमुख आधारको रुपमा विकास गरिने छ ।

२०९. आगामी आर्थिक वर्षमा पेश्कीलाई शुन्यमा झारिने नीति लाई अवलम्बन गरिने छ । साथै,नगरपालिकाको बेरुजुलाई घटाउँदै लगिनेछ।

२१०. आम करदाता र कर प्रशासन दुबै पक्षको ईमान्दारिता, पारदर्शिता, स्वच्छता र सदाचारिता कायम गर्दै कर कानुनको पालना गर्न करदाता साक्षरता अभियान सञ्चालन गरि बढी भन्दा बढी करको दायरामा ल्याईने छ । साथै, नगरको आर्थिक हित तथा समुन्नती अभिवृद्धि का लागि रोजगारमुलक उद्योगमा कर छुटको नीति अवलम्बन गरिने छ ।

२११. राजश्व सुधार योजनालाई कार्यन्वयन गर्दैराजश्व संकलन लाई प्रभावकारी बनाईनेछ ।भविष्यमा अनुदानमा आधारित बजेटको श्रोतलाई राजश्व वृद्धि भद्रोतरीले प्रतिस्थापन गर्ने नीति लिईने छ ।

२१२. करको दायरामा नआएका व्यक्तिहरुले २०७८ पौष मसान्त भित्र दर्ता हुन आएमा आ.व. २०७७/०७८ भन्दा अघिको बक्यौता रकमको जरिवाना मिनाहा हुने व्यवस्था कायम गरिने छ ।

२१३. घर दैलोबाट कर उठाउन राजश्व परिचालन कार्यदल गठन गरिनेछ । कार्यदललाई उत्प्रेरणात्मकव्यवस्था कायम गर्न थप प्रोत्साहनको व्यवस्था समेत कायम गरिने छ ।

२१४. राजश्व परामर्श समितिलाई क्रियाशिल बनाउनका लागि क्षमता विकास कार्यक्रम लाई निरन्तरता दिईने छ ।

२१५. सार्वजनिक निजी साझेदारीको माध्यमबाट स्थानीय तहमा पूर्वाधार संरचनाको निर्माण र संचालन तथा सार्वजनिक सेवा प्रवाह गरी धनगढी उप-महानगरपालिकाको वृहत सामाजिक तथा आर्थिक विकास गर्न तथा सर्वसाधारणलाई भरपर्दो, किफायती र सर्वसुलभ रुपमा सेवा सुविधा उपलब्ध गराउने नीति लाई निरन्तरता दिईने छ ।

२१६. उपभोक्ता समिति,संघ संस्थालाई पेश्की दिने कार्यलाई पूर्णरुपमा निरुत्साहित गरिने कार्यलाई यस आ.व मा पनि निरन्तता दिइने छ ।

**सूचना तथा सञ्चार प्रविधि तर्फः**

२१७. सूचना संचार र प्रविधिमा सबै नगरवासीहरुको पहुँच पुर्याउन प्रभावकारी दूरसंचार सेवाको बिस्तार गर्दै सबै वडा कार्यालय सम्म "Optical Fiber Connectivity"कार्य सम्पन्न गरिएको र वडा कार्यालयबाट सम्पादन हुने सबै कार्यलाई Network Connectivity मा लागि थप व्यबस्थित गरिने छ । नगरका कार्यालयहरुमा जडान भएका Optical Fiber Network, Data server, CCTTV लाई थप व्यबस्थित बनाउन 'Control Room'को व्यवस्था गरिने छ ।

२१८. सूचना तथा संचार प्रविधिको प्रयोग मार्फत सेवा प्रवाहलाई प्रभावकारी बनाउन नगर विद्युतीय सुशासन गुरुयोजना (Municipal E-Governance Master Plan) निर्माण गरि लागू गरिने छ ।

२१९. सूचना तथा संचार प्रविधिको अर्थपूर्ण प्रयोगलाई सक्षम बनाउन बाकी रहेका वडाहरुमा सूचना प्रविधि केन्द्रहरु (Information Techno Hub) बिस्तार गर्दै सूचना प्रविधिमा **"साक्षर नागरिक र सक्षम नगर"**का रुपमा विकास गरिने छ ।

२२०. खुला सरकार Open government को अवधारणा अनुरुप सूचना तथा तथ्याङ्कहरुलाई विभिन्न माध्यमबाट विश्लेषण गर्न सकिने स्वरुप open formatमा उपलब्ध गराउने व्यवस्था लाई थप प्रभावकारी बनाईने छ ।

२२१. धनगढी उप-महानगरपालिका क्षेत्र भित्र "E-Library"स्थापना गर्ने नीति अवलम्बन गरिने छ । साथै, सार्वजनिक निजी साझेदारी (PPP)को अवधारणा बमोजिम अध्ययन, अनुसन्धान र परामर्श केन्द्रको (Incubation Center)स्थापना गर्न पहल गरिनेछ ।

२२२. धनगढी उप-महानगरपालिकाको सम्पूर्ण वडाहरुको श्रोत नक्साङ्कन GIS Mappingकार्यलाई निरन्तरता दिईने छ ।

Scanned with CamScanner

२२३. पूर्वाधार सम्बन्धी योजनाहरुको तथ्याङ्क व्यवस्थित गर्न पूर्वाधार व्यवस्थापन प्रणाली (Infrastructure Management System, IMS) को थप सुधार गर्दै लगिने छ । साथै, नगरपालिकाको सम्पूर्ण महाशाखा/शाखाहरुको तथ्यांक तथा प्रगति व्यवस्थापनका लागि **Integrated Municipal Management System -IMMS** लागु गरिने छ । साथै, नगरपालिकाबाट प्रवाह हुने सेवालाई 'One Door System' मा लैजान ठोस कदम चालीने छ ।

२२४. धनगढी उप महानगरपालिकाको वस्तुस्थिति झल्किने गरि नगर पाश्र्वचित्र (Municipal Digital Profile) लाई जीवन्त बनाउन वडास्तरबाट नै अद्यावधिक गर्ने व्यवस्था मिलाईने छ ।

२२५. धनगढी उप महानगरपालिकाको विद्युतिय सुशासन प्रवर्द्धन गर्न Digital Citizen Charter, Data Portal, Audio Voice Broadcasting system, Mobile Application लाई Interactive Display समावेश गरी वडाहरुमा समेत यो प्रणाली लागु गरिने छ।

२२६. सबै सामुदायिक स्कुलहरुमा Internet को पहुँच सुनिश्चित गर्न Municipal Optical Fiber Network मा जडान गरि **Smart Education System**लागु गरिने छ । साथै, धनगढी उप-महानगरपालिका र विद्युतप्राधिकरणको साझेदारीमा स्मार्ट विद्युतसेवाको सुरुवात गरिनेछ।

२२७. Matrix प्रणालीमा आधारित GIS Based House Numbering गर्ने कार्यलाई निरन्तरता दिईने छ ।

**प्रधानमन्त्री रोजगार कार्यक्रम तर्फ :**

२२८. स्थानीय तहको रोजगार सेवा केन्द्रमा सूचिकृत भएका बेरोजगारहरुलाई यूवा रोजगारीका लागि रुपान्तरण पहल आयोजनाहरु तथा कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजनाहरु सञ्चालन गरी न्यूनतम रोजगारीको प्रत्याभूती गराइनेछ ।

२२९. कोभिड-१९को कारणबाट रोजगारी गुमेका व्यक्तिहरुलाई सूचिकृत गरी विशेष प्राथमिकता साथ रोजगारी प्रदान गरिनेछ। साथै, दक्ष तथा सक्षम जनशक्तिको विकास गरी आन्तरिक रोजगारीका प्रवर्धन गर्न आवश्यक सीपमूलक तालिमको पहिचान गरी बेरोजगार व्यक्तिलाई तालिम दिइनेछ।

२३०. संघ तथा प्रदेशले ल्याएको रोजगारमूलक कार्यक्रममा अपनत्व कायम गर्दै रोजगारीका क्षेत्र विस्तार गरिनेछ। साथै,आन्तरिक रोजगारी सिर्जना गर्न सरोकारवाला निकाय र निजी सहकारी तथा गैर सहकारी क्षेत्र सँग समन्वय र सहकार्यमा जोड दिइनेछ।

२३१. बैदेशिक रोजगारी बाट फिर्ता आएका श्रमिकहरुको सिप पहिचान गरी स्वरोजगारमूलक कार्यमा संलग्न गराउन पहल गरिनेछ साथै स्वरोजगारमूलक कार्यमा संलग्न स्थानीय यूवा उद्यमीहरुलाई प्रोत्साहित गरिनेछ। साथै,श्रम सम्बन्ध लाई प्राथमिकता दिँदै सार्वजनिक पूर्वाधार निर्माण,कृषि, व्यवसायिक उद्योग, वितिय क्षेत्रबाट रोजगारी सिर्जनामा जोड दिइनेछ।

२३२. रोजगार सेवा केन्द्रलाई थप सुदृढिकरण गरी श्रम बैंकको रुपमा स्थापित गरिनेछ। साथै, नगर स्तरिय नियमित विकास निर्माणका योजनाहरुमा आवश्यक श्रमिकहरुको लागि रोजगार सेवा केन्द्रमा सूचिकृत बेरोजगार व्यक्तिहरुलाई प्राथमिकता दिइनेछ।

२३३. रोजगार सेवा केन्द्रमा सुचिकृत बेरोजगारहरु मध्ये २०० जनालाई कार्यस्थलमा आधारित ५० दिनको सिपमुलक तालिम संचालन गरिने छ । साथै, यूवा रोजगारीकालागि रुपान्तरण पहल आयोजना र कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजनाहरु मार्फत आगामी आ.व. मा थप ४०० जनालाई १०० दिनको रोजगारी प्रदान गरिने छ।

२३४. संघीय सरकारबाट प्राप्त बजेट श्रमिकको ज्यालामा मात्र खर्च गर्नुपर्ने भएकोले आयोजनामा लाग्ने निर्माण सामाग्री तथा औजारहरुको लीगि नगरपालिका बाट आवस्यक बजेट विनियोजन गरिनेछ।

२३५. यस उप-महानगरपालिका भित्र बसोबास गर्ने अति विपन्न परिवारहरुको पहिचान गरी न्यूनतम आवश्यकता बाट बञ्चित नहोउन भन्ने उद्देश्यले आन्तरिक रोजगारी वा स्वरोजगारीमा संलग्न गराउने कार्य पहिलो प्राथमिकता हुनेछ।

Scanned with CamScanner

**सम्मानित नगरसभाका अध्यक्षज्यू,**

**आदरणीय नगर सभाका सम्पूर्ण सदस्यज्यूहरु,**

२३५. उल्लिखित नीति र कार्यक्रमका आधारमा विनियोजन विधेयक २०७८ र आर्थिक विधेयक २०७८ तयार गरी नगर कार्यपालिकाका बैठकबाट स्वीकृत गराई यस सम्मानित नगरसभा मार्फत पारित हुन प्रस्ताव गरेको छु । नीति तथा कार्यक्रमका आधारमा नै आय र व्ययको अनुमान तयार गरी यस नगर सभा समक्ष पेश गरेको छु । नगर कार्यपालिकाबाट स्वीकृत गरी पेश गरेको आ.व. २०७८/०७९ को आय र व्ययको अनुमान स्वीकृतीको लागि यथार्थ बजेट रकम आय र व्ययको अनुमान तपसिल अनुसार पेश गर्ने अनुमति चाहन्छु । यस पूर्व गत आर्थिक वर्षको यथार्थ आय र व्यय,चालु आर्थिक वर्षको संशोधित आय र व्यय प्रस्तुत गर्ने सन्दर्भिक ढाँचा यस सम्मानित नगर सभा समक्ष पेश गरेको छु ।

**गत वर्ष (२०७६/०७७) को आय तर्फः**

आन्तरिक आयः १९ करोड ८७ लाख ९७ हजार ७ सय २४

बाह्य आयः १ अरब १० करोड १० लाख ६० हजार ८ सय ७८

सरी आएको मौज्दातः ५ करोड ३३ लाख

कूल जम्मा आयः १ अर्ब ३५ करोड ३१ लाख ५८ हजार ६ सय २

**व्यय तर्फः**

आन्तरिकः १८ करोड ५८ लाख ८९ हजार

बाह्यः १ अर्ब ३ करोड ७२ लाख ७१ हजार ९ सय ९३

कूल जम्मा व्ययः १ अरब २८ करोड ३१ लाख ६० हजार ९ सय ९३

नगद मौज्दात रुः ६ करोड

**सम्मानित नगरसभाका अध्यक्षज्यू,**

**आदरणीय नगर सभाका सम्पूर्ण सदस्यज्यूहरु,**

२३७. अब म चालु आ.व.(२०७७/०७८)को जेठ मसान्त सम्मको यथार्थ आय/व्ययको संक्षिप्त विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु । जेठ ३१ सम्मको यथार्थ आम्दानी र खर्चः आ.व. २०७७/७८मा कूल आय रु १ अरब ५० करोड मध्ये आन्तरिक स्रोतबाट १५ करोड ५० लाखबाह्य श्रोतबाट रु. १ अरब ३४ करोड ५० लाख रहेको छ। त्यस्तै गरी कूल खर्च रु. ९४ करोड ९ लाख १७ हजार ७ सय अठहत्तर मध्ये चालु खर्च रु. ६४ करोड ७६ लाख ७४ हजार २ सय छयानब्बे र पूँजिगत खर्च रु.२९ करोड ३२ लाख ४३ हजार ४ सय अट्ठाइस भएको छ । चालु खर्चमा सामाजिक सुरक्षा कार्यक्रमको रु. २४ करोड ३० लाख ४१ हजार समावेश गरिएको छैन ।

**सम्मानित नगरसभाका अध्यक्षज्यू,**

**आदरणीय नगर सभाका सम्पूर्ण सदस्यज्यूहरु,**

२३८. अब म आगामी आ.व.२०७८/०७९ प्रस्तावित आयव्यय विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

यस नगरपालिकाको आर्थिक वर्ष २०७८/०७९ का लागि कूल आय १ अरब ८१ करोड २८ लाख २२ हजार १ सय ३ हुने प्रक्षेपण गरिएको छ भने कूल खर्च मध्ये चालु खर्च तर्फ रु. १,०२,८०,७०,०००/-रहेको छ भने पूँजीगत तर्फ रु.७८,४७,५१,०००/-मात्र रहेकोछ ।

कूल आय तथा व्ययको श्रोतक्षेत्रगत विवरणः

**आय तर्फः**

आन्तरिक आय रु.४० करोड ७९ लाख ९० हजार

वित्तीय समानिकरणः रु. ३१ करोड ४८ लाख

सशर्त अनुदान चालु तर्फः रु.४८ करोड ८७ लाख

सशर्त अनुदान पुँजीगत तर्फः रु.५ करोड ४ लाख

संघिय सरकार विशेष अनुदानः १ करोड ८७ लाख

संघीय सरकार राजश्व बाँडफाँड तर्फ : रु.१८ करोड ६२ लाख ९१ हजार १ सय ३

Scanned with CamScanner

संघिय समपुरक अनुदान : रु. १ करोड ९ लाख

प्रदेश सरकार समपुरक कोष: रु.३ करोड ४४ लाख ९१ हजार

प्रदेश सरकार बिशेष अनुदान: रु. ७५ लाख

प्रदेश सरकार वित्तीय समानिकरण: रु. २ करोड ३० लाख ६८ हजार

प्रदेश सरकार राजश्व बाँडफाँड तर्फ : रु.२६ करोड ९९ लाख ८२ हजार

कुल जम्मा रकम रु. १ अरब ८१ करोड २८ लाख २२ हजार १ सय ३

व्यय तर्फ:

चालु खर्च तर्फ रु.१,०२,८०,७०,०००/- (१ अरब २ करोड ८० लाख ७० हजार) र पूँजीगत खर्च तर्फ रु. ७८,४७,५१,०००/-(७८ करोड ४७ लाख ५१ हजार) गरी जम्मा कुल खर्च रु. १,८१,२८,२२,१०३/-(रु. १ अरब ८१ करोड २८ लाख २२ हजार १ सय ३) अनुमान गरेको छु ।

२३९. खर्च तर्फ योजनागत विस्तृत विवरण नगरसभाबाट पारित भै सके पछि सार्वजनिक गरिनेछ । व्ययको चालु प्रशासनीक खर्च तर्फ नेपाल सरकारले तोकेको राष्ट्र सेवक कर्मचारीहरुको तलब, सेवा, सुविधा र नगरपालिकाले दिएको सेवा सुविधा समेत सोहि सरह नै कार्यान्वयन हुने गरी यस उप-महानगरपालिकाको कार्यालयका प्रमुख प्रशासकीय अधिकृत लगायत सम्पूर्ण स्थायी, करार, ज्यालादारी कर्मचारीहरुको तलब,भत्ता र अन्य सुविधा प्रशासनीक खर्चको शिर्षकमा तलब, भत्ता र सुविधाको खर्च रकम उल्लेख गरेको छु ।

२४०. उल्लिखित अनुमानित आय र व्ययको बजेट रकम बराबर हुने गरी विनियोजन गरेको छु । यसले गर्दा यस उप-महानगरपालिकाको आगामी आर्थिक वर्ष (२०७८/०७९) बजेट अनुमान सन्तुलित बजेटको सिद्धान्त अनुसार तर्जुमा भएको व्यहोरा यस सम्मानित नगर सभालाई जानकारी गराएको छु ।

आदरणीय नगर सभाका अध्यक्षज्यू, आदरणीय नगर सभाका सम्पूर्ण सदस्यज्यूहरु,

२४१. उल्लिखित आय र व्ययको प्रस्तुतिकरणमा चालु आर्थिक वर्षको आय र व्ययको अनुमान भन्दा आगामी आर्थिक वर्ष (०७८/०७९) को आय र व्ययको अनुमान रकम **१७,४५,५२,१०३/-(१७ करोड ४५ लाख ५२ हजार १ सय ३)**ले वृध्द भएको छ । साथै, तपशिलमा उल्लिखित बजेट रकमहरु नेपाल सरकार र प्रदेश सरकार मार्फत विगतमा झै निरन्तर रुपमा स्थानीय सरकार मार्फत निकासा भै रहने व्यहोरा समेत सम्मानित नगर सभा समक्ष सादर जानकारी गराएको छु ।

नगरपालिकामा कार्यान्वयन हुने तर आय/व्यय ( बजेट ) पुस्तिकामा समावेश नभएका अनुमानित बजेट रकमको विवरण:

**तपशिल:**

क) सामाजिक सुरक्षा अनुमानित बजेट रकम रु. ३१ करोड४३ लाख ५१ हजार

ख) सडक बोर्ड नेपाल अनुमानित बजेट रकम रु. १ करोड

ग) क्षेत्रीय शहरी विकास आयोजना अनुमानित बजेट रकम रु. **४ करोड**

घ) अन्य कार्यक्रम अनुदान अनुमानित बजेट रकम रु. १ करोड

**सम्मानित नगर सभाका अध्यक्षज्यू,**

**नगर सभाका सम्पूर्ण सदस्यज्यूहरु,**

२४२. नेपालको संविधान र प्रचलित कानून बमोजिम मैले सम्मानित कार्यपालिकाको सर्वसम्मत निर्णयबाट उल्लिखित आगामी आ.व.२०७८/०७९का लागि नीति,कार्यक्रम तथा बजेट तय गरी यस सम्मानित नगरसभा समक्ष प्रस्तुत गरेको छु । कार्यक्रम अनुसार बजेट तय गरेको छु । कार्यक्रम तयार गर्दा उल्लिखित नीतिहरुलाई मूल आधारको रुपमा लिएको छु । नीतिहरु कार्यान्वयनका लागि स्रोत र साधनको व्यवस्था गरी क्रमशः लागु गर्दै जान सम्मानित नगरसभा समक्ष सादर जानकारी गराएको छु ।

Scanned with CamScanner

सम्मानित नगर सभाका अध्यक्षज्यू,

आदरणीय नगर सभाका सम्पूर्ण सदस्यज्यूहरु,

२४३. अब म सम्मानित नगरसभा समक्ष मैले माथि प्रस्तुत गरेको धनगढी उप महानगरपालिकाको गत वर्षको यथार्थ आय र व्यय, चालु आर्थिक वर्षको संशोधित आय र व्यय, आगामी आर्थिक वर्ष २०७८/०७९को अनुमानित आय र व्ययको विवरण सम्मानित नगरसभा बाट पनिभूतरुपमा छलफल भै पारित हुनका लागि प्रस्ताव गरेको छु। साथै नेपालको संविधान र प्रचलित कानूनको अधीनमा रही यस धनगढी उप महानगरपालिकाको कार्यपालिकाले सर्वसम्मतिले गरेको निर्णय अनुसार आगामी आर्थिक वर्ष २०७८/०७९ को प्रस्तावित आर्थिक विधेयक २०७८ (आ.व.२०७८/०७९) का लागि प्रस्ताव गरिएको करका दरेटहरुको अनुमान सहितको जम्मा आय रु.४० **करोड ७९ लाख ९० हजार** विनियोजन विधेयक २०७७ (आ.व. २०७८/०७९) का लागि प्रस्ताव गरिएको प्रशासनीक र पूँजीगत खर्चको बाँडफाँडको अनुमान रु. **१ अरब ८१ करोड २८ लाख २२ हजार १ सय ३**उपर छलफल गरी पारित गरियोस भनि प्रस्ताव गरेको छु। साथै यस धनगढी उप-महानगरपालिकाको लागि कार्यान्वयन हुन पेश भएका उल्लिखित दुवै विधेयकहरु (आर्थिक विधेयक २०७८ र विनियोजन विधेयक २०७९) छलफल गरी पारित गर्न र आगामी आर्थिक वर्षका लागि ऐनको रुपमा कार्यान्वयन गर्न दुवै विधेयक यस सम्मानित नगरसभा समक्ष प्रस्ताव गरेको छु।

सम्मानित नगर सभाका अध्यक्षज्यू, नगर सभाका सम्पूर्ण सदस्यज्यूहरु,

२४४. उल्लिखित नीति, कार्यक्रम तथा बजेट विवरणमा सामान्य भाषिक त्रुटिहरु हुन सक्छन। यसको लागि सम्मानित नगर सभा समक्ष क्षमायाचना गर्दै यदि त्यसो हुन गएमा सच्याउनका लागि नगरकार्यपालिका मार्फत सम्मानित नगरसभा समक्ष सादर अनुमति मागेको छु। साथै नगरपालिकाले पेश गरेका आ.व. ०७८/०७९ का नीति, कार्यक्रम तथा बजेट स्वीकृतीकोलागि पेश गरेको छु। नगरपालिकाको गत वर्ष ०७६/०७७ को यथार्थ आय र व्यय,चालु आ.व. २०७७/०७८ को खर्च समर्थनको लागि समेत पेश गरेको छु।

सम्मानित नगर सभाका अध्यक्षज्यू, नगर सभाका सम्पूर्ण सदस्यज्यूहरु,

२४५. नीति, कार्यक्रम तथा बजेट तर्जुमा गर्ने क्रममा संघीय सरकार तथा माननीय सांसदज्यूहरु,प्रदेश सरकार तथा माननीय प्रदेश सभाका सदस्यज्यूहरु,सम्पूर्ण राजनैतिक दलका प्रतिनिधिज्यूहरुबाट प्राप्त सुझाव,सहयोग तथा प्रेरणा प्रति आभार प्रकट गर्दछु। हामीले गरेको आग्रहलाई स्वीकार गरीबैठक तथा छलफलमा उपस्थित भै उल्लिखित सुझाव दिनु हुने नगरकार्यपालिकाका सदस्यज्यूहरू, बिभिन्न विषयगत समितिका संयोजकज्यू तथा सदस्यज्यूहरु लगायत विभिन्न क्षेत्रमा विज्ञता प्राप्त व्यक्तित्व महानुभावहरुलाई विशेष धन्यवाद दिन चाहन्छु। बजेटको सिद्धान्त र प्राथमिकतामा व्यापक छलफल गरी प्रत्यक्ष/अप्रत्यक्ष रुपमा सुझाव दिनुहुने नगर कार्यपालिकाको कार्यालयका प्रमुख प्रशासकीय अधिकृत लगायत सम्पूर्ण कर्मचारी मित्रहरु,विषयगत शाखा/महाशाखा प्रमुख तथा प्रतिनिधिहरू, करदाता, उद्यमी, ब्यापारी/व्यवसायी, समाजसेवी, ज्येष्ठ नागरिक, नागरिक समाजका अगुवाहरु, पत्रकार मित्रहरु, यस नगरपालिकालाई सहयोग पुर्याउने, अन्तर्राष्ट्रिय गैसस र गैसस हरु सबैलाई हार्दिक धन्यवाद दिन चाहन्छु।

२४६. हामीलाई रचनात्मक सुझाव र सल्लाह दिनुहुने सम्पूर्ण आदरणीय व्यक्तित्वहरु प्रति हार्दिक आभार व्यक्त गर्दै प्रस्तुत नीति, कार्यक्रम तथा बजेट कार्यान्वयनका लागि यहाँहरुबाट प्राप्त हुने रचनात्मक सुझावहरुलाई मार्गदर्शनको रूपमा लिएर धनगढी उप-महानगरपालिका अगाडि बढ्ने विश्वास दिलाउदै कार्यक्रमको सफल कार्यान्वयनमा सबैको सहयोग निरन्तर रहने अपेक्षा गरेको छु।

धन्यवाद !

सुशीला मिश्र भट्ट
नगर उप-प्रमुख
धनगढी उप-महानगरपालिका
धनगढी, कैलाली,नेपाल

Scanned with CamScanner

**निर्णय नं. ३**:- निति तथा कार्यक्रम र बजेटका आधारमा यस धनगढी उपमहानगरपालिकाको आ.व. ०७८/०७९ को आर्थिक विधेयक आगामी नगरसभामा पेश गर्ने निर्णय गरियो।

धनगढी उप-महानगरपालिकाको
आर्थिक विधेयक, २०७८

नगरसभामा पेश मिति : २०७८/०३/०८ गते

प्रस्तावना:

धनगढी उप-महानगरपालिकाको आर्थिक वर्ष २०७८/०७९ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त कर तथा शुल्क संकलन गर्ने, कर घटाउने, बढाउने, छुट दिने तथा राजश्व प्रशासन सम्बन्धमा आवश्यक कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम धनगढी उपमहानगरपालिकाको सातौ नगर सभाले यो ऐन बनाउने छ।

**१. संक्षिप्तनाम र प्रारम्भ**:(क) यस विधेयकको नाम"**आर्थिक विधेयक, २०७८**" रहेको छ।
(ख) यो विधेयक २०७८ साल श्रावण १ गतेदेखि धनगढी उपमहानगरपालिका क्षेत्रमा लागू हुनेछ।

**२. सम्पत्तिकर र भुमीकर (मालपोत)**: धनगढी उपमहागरपालिकाले आ व २०६२।०६३ देखि लगाउदै आएको एकीकृत सम्पत्ति करको सट्टामा अनुसुची–१ मा उल्लेख भए बमोजिम सम्पत्ति कर र भुमीकर (मालपोत) लगाइने र असूल उपर गरिने छ।

**३. घर बहाल कर**: नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले बहालमा दिएकोमा अनुसूचि-२ बमोजिम घर जग्गाबहाल कर लगाइने र असूल गरिनेछ।

**४. व्यवसाय कर**: नगरपालिका क्षेत्र भित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोबारका आधारमा अनुसूचि- ३ बमोजिम व्यवसाय कर लगाइने र असूलउपर गरिनेछ।

**५. सवारी साधन कर**: नगरपालिका क्षेत्रभित्रदर्ता भएका सवारी साधनमा अनुसूचि- ४ बमोजिम सवारी साधन कर लगाइने र असुलउपर गरिनेछ। तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

**६. विज्ञापन कर**: नगरपालिका क्षेत्रभित्रहुने विज्ञापनमा अनुसूचि-५ बमोजिम विज्ञापन कर लगाइने र असूलउपर गरिनेछ। तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

**७.मनोरन्जन कर**: नगरपालिका क्षेत्रभित्रहुने मनोरन्जन व्यवसाय सेवामा अनुसूचि- ६ बमोजिम व्यवसाय कर लगाइने र असूलउपर गरिनेछ।

**८.बहाल बिटौरी शुल्क**: नगरपालिका क्षेत्रभित्रआफुले निर्माण, रेखदेख वा सञ्चालन गरेका अनुसूचि- ७ मा उल्लेख भएअनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यवस्था अनुसार बहाल बिटौरी शुल्कल गाइने र असूलउपर गरिनेछ।

**९.पार्किङ शुल्क**: नगरपालिका क्षेत्रभित्रकुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि-८ बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

Scanned with CamScanner

**१०.सेवा शुल्क, दस्तुर:** नगरपालिकाले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेका अनुसूचि- ९ मा उल्लेखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ।

**११.पर्यटन शुल्क :** नगरपालिकाले आफ्नो क्षेत्र भित्र प्रवेश गर्ने पर्यटकहरुबाट अनुसूची-१० मा उल्लेखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

**१२.नाऊ घाट शुल्क :** नगरपालिकाले आफ्नो क्षेत्र भित्र संचालन हुने नाऊ घाट बाट अनुसूची-११ मा उल्लेखित दरमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ।

**१३.कृषि तथा माछाजन्य बस्तुको व्यवसायिक कारोवार कर:** कृषि तथा माछाजन्य बस्तुमा आधारित व्यवसायिक कारोबारमा अनुसूची-१२ मा उल्लेखित दरमा व्यवस्था भए अनुसार सेवा शुल्क लगाइने र असूल उपर गरिनेछ।

**१४.जडीबुटी, कवाडी र जीवजन्तु कर:** कुनै व्यक्ति वा संस्थाले ऊन खोटो, जडीबुटी, बनकस, कवाडी माल प्रचलित कानुन बमोजिम निषेधित बाहेकका जिवजन्तुको हाड,सिग,प्वाख,छाला वा यस्तै प्रकृतिको बस्तुको व्यवसायिक उपयोग गरे बापत अनुसूची-१३ बमोजिम जडीबुटी,कवाडी र जीवजन्तु कर लगाइने र असूल उपर गरिनेछ।

**१५.नदीजन्य पदार्थ (ढुंगा, गिट्टि, बालुवा, आदी) बिक्री कर :** यस नगर क्षेत्र भित्र भएर बग्ने, IEE गरेका र घाटगद्दि तोकीएका नदी/खोलाहरुबाट ढुंगा, गिट्टी, बालुवा, भरान, ग्राभेल र माटो आदीमा अनुसुची १४ मा उल्लेख भए बमोजिम बिक्री कर लगाईने तथा असुल गरीनेछ।

**१६. दर घटाउन, बढाउन वा छूट दिन सक्ने :** (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि धनगढी उपमहानगरपालिकाले आवश्यकता अनुसार यो विधेयक र अन्य कानून बमोजिम लगाइएका दस्तुर, शुल्क र करको दर घटाउन, बढाउन वा त्यस्तो दस्तुर, शुल्क र कर आंशिक वा पूर्ण रूपमा छूट दिन सक्नेछ । त्यस्तो दर घटाइएको, बढाइएको वा छुट दिइएको सूचना स्थानीय राजपत्रमा प्रकाशन गनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम करको दर घटइएको, बढाइएको वा कुनै दस्तुर, शुल्क र कर आंशिक वा पूर्ण रूपमा छूट दिइएको विवरण प्रत्येक वर्ष नगर सभामा पेश गर्नु पर्ने छ ।

**१७. कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि:** यो विधेयकमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिनगरपालिकाले तोके अनुसार हुनेछ।

### अनुसूचि - १, दफा २ सँग सम्बन्धित, सम्पत्ति कर र भुमी कर (मालपोत)

**निर्णय :** आ.ब. ०७८।०७९ को लागि सम्पतिकर प्रयोजनका लागि जग्गाको मूल्याकन र करको दर देहाय बमोजिम कायम गर्ने निर्णय गरियो।

- बाटोसँग जोडिएको कित्ताको हकमा ३० मिटर सम्मलाई बाटो सरह मूल्याकन गरी बाकी रहेको जग्गालाई खेत सरह मूल्याकन गर्ने।
- यसरी मूल्यांकन गर्दा बढीमा ५४७२ वर्ग फिट सम्मको जग्गालाई मात्र घडेरीको रुपमा मूल्याकन गरिने छ।

Scanned with CamScanner

## वडा नं .१

| सि. नं. | स्थान | सडक को प्रकार | ०७७।०७८ को स्वीकृत दर | ०७८।०७९ को लागि स्वीकृत दर |
|---|---|---|---|---|
| १ | धनगढी मेनरोड | | | |
| | कैलाली पुल – जि.प्र.का. पुल | पक्की | ६,५००,००० | ६,५००,००० |
| | जि.प्र.का. पुल – सेती पुल | पक्की | ५,५००,००० | ५,५००,००० |
| २ | ने.रा.बैंक – शिवनगर(क्या.च. रोड) | पक्की | ३,५००,००० | ३,५००,००० |
| ३ | L.N. चोक – ने.रा.बैंक (पार्क रोड) | पक्की | ४,०००,००० | ४,०००,००० |
| ४ | मेनरोड – क्या.च. रोड | पक्की | ४,०००,००० | ४,०००,००० |
| ५ | मेनरोड – वडा प्रहरी का. – क्या.च. रोड | पक्की | ४,०००,००० | ४,०००,००० |
| ६ | मेनरोड – नेपाल टेलीकम | पक्की | २,८००,००० | २,८००,००० |
| ७ | मेनरोड – नैनादेवी मन्दिर – क्या.च. रोड | पक्की | ३,०००,००० | ३,०००,००० |
| ८ | मेनरोड पुरानो फुलबारी बसपार्क उत्तर | पक्की | २,०००,००० | २,०००,००० |
| ९ | मेनरोड सेतीपुल – क्या.च. (प्लाईहुड रोड) | पक्की | २,०००,००० | २,०००,००० |
| १० | शिवनगर क्षेत्र | | | |
| | पक्की | पक्की | १,६००,००० | १,६००,००० |
| | ग्रेभल | ग्रेभल | १,३००,००० | १,३००,००० |
| | कच्ची | कच्ची | ९००,००० | ९००,००० |
| ११ | मेनरोड र क्या.च. रोड बिच | | | |
| | पक्की | | १,६००,००० | १,६००,००० |
| | ग्रेभल | | १,३००,००० | १,३००,००० |
| | कच्ची | | ९००,००० | ९००,००० |
| १२ | मेनरोड – कृषि तालिम केन्द्र – बसन्त टोल | पक्की | १,५००,००० | १,५००,००० |
| १३ | मेनरोड – रमा चन्दको घर – बसन्त टोल | पक्की | १,५००,००० | १,५००,००० |
| १४ | बसन्त टोल भित्र | | | |
| | पक्की | पक्की | १,२००,००० | १,२००,००० |
| | ग्रेभल | ग्रेभल | १,०००,००० | १,०००,००० |
| | कच्ची | कच्ची | ८००,००० | ८००,००० |
| १५ | मेनरोड अदालत रोड भित्र | | | |
| | पक्की | पक्की | २,०००,००० | २,०००,००० |
| | ग्रेभल | ग्रेभल | १,०००,००० | १,०००,००० |
| | कच्ची | कच्ची | ८००,००० | ८००,००० |
| १६ | मेनरोड कारागार रोड भित्र | | | |
| | पक्की | पक्की | २,०००,००० | २,०००,००० |
| | ग्रेभल | ग्रेभल | १,०००,००० | १,०००,००० |
| | कच्ची | कच्ची | ८००,००० | ८००,००० |
| १७ | मेनरोड पिपल टोल | ग्रेभल | ९००,००० | ९००,००० |
| १८ | मेनरोड पशुपती मन्दिर – एमाले पार्टी कार्यालय | पक्की | २,५००,००० | २,५००,००० |
| | अन्य पक्की | पक्की | १,०००,००० | १,०००,००० |
| | ग्रेभल | ग्रेभल | ९००,००० | ९००,००० |
| | कच्ची | कच्ची | ५००,००० | ५००,००० |

Scanned with CamScanner

| | | | | |
|---|---|---|---|---|
| १९ | मेनरोड – मस्जिद | पक्की | १,५००,००० | १,५००,००० |
